वर्ष : १९, अंक : ३८, काठमाडौं, २०८० माघ १२ गते शुक्रबार, 26 January, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## डा.अहिराजले गरे राष्ट्रपति पौडेलसँग भेटघाट



काठमाडौं । मधेश प्रदेशका निवर्तमान प्रदेश प्रमुख डा.राजेश अहिराजले राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गरेका छन् । मंगलबार राष्ट्रपति कार्यालय शितलनिवासमा भएको भेटवार्तामा डा.अहिराजले राष्ट्रपति पौडेललाई ११बुँदे सुझावसहित प्रस्तावसमेत बुझाएका हुन् । राष्ट्रपति पौडेलसँगको भेटघाटपछि डा.अहिराजले जारी गरेको एक

राष्ट्रपतिलाई बुझाइएको प्रस्ताव पृष्ठ ६ मा

वक्तव्यमा भनेका छन्, 'म स्वयम्ले प्रदेश प्रमुखको रुपमा देशको सेवा गर्ने अवसर पाएको बेलामा मैले आफूले महसुस गरेका केही कुराहरू महामहिमद्वारा गर्न सकिने र सो कार्य गर्दा जनताको मनमष्तिस्कमा राष्ट्रपतीय पदको गरिमाको उच्च सम्मान हुने हुँदा केही तपशीलका बुँदाहरु लेखि सुझावका लागि महामहिम समक्ष निवेदन गरेको छु ।'

## स्व.गजेन्द्र नारायण सिंहको २२औं पुण्यतिथि

# देश अहिले गजेन्द्रपथमा हिंडिरहेको छ : राजेन्द्र महतो

**मधेशवाणी डेस्क**

काठमाडौं । मधेशवादका प्रणेता एवं नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष स्व. गजेन्द्र नारायण सिंहको २२औं पुण्यतिथि काठमाडौंलगायत मधेशका विभिन्न जिल्लाहरुमा मनाइएको छ । स्व.सिंहको पुण्यतिथिको अवसरमा गजेन्द्र नारायण सिंह अध्ययन केन्द्रले यसपाली 'गजेन्द्र बाबूको विचार र वर्तमानमा मधेशको राजनीति' लगायत विषयमा काठमाडौंसहित मधेशको विभिन्न जिल्लाहरुमा राजनीतिक, समाजिक अन्तरक्रिया गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोले देश अहिले गजेन्द्रपथमा हिंडिरहेको बताएका छन् । उनले भनेका छन्, 'आज देश गजेन्द्रबाबुको जुन विचार थियो, त्यहीं पथमा अगाडि बढिरहेको छ । एक इन्च पनि तलमाथि छैन । देशका अहिले जति पनि परिवर्तनका एजेण्डाहरु अगाडि बढिरहेका छन्, ठ्याक्कै त्यहीं एजेण्डामा देश अगाडि बढेको हो ।'

महतोले थपे, 'त्योभन्दा परिवर्तनका कसैले पनि कुरा गरेका छैनन्, जुन कुरा गजेन्द्रबाबुले भनेर जानुभएको थियो । यो एउटा सुखद कुरा हो । गजेन्द्रबाबुले उठाएका सवालहरुले पूर्णता पाए कि पाएनन त्यो एउटा प्रश्न हो । म उहाँको साथमा काम गरेकोले २२ वर्षपछि पनि समीक्षा गर्दा देश त उहाँको पथमा अगाडि बढेको त हो, तर ती सवालहरुले पूर्णता पाएको छैन ।' जुन संघीयताको परिकल्पना गजेन्द्र नारायण सिंहले गर्नुभएको थियो, त्यो अनुरुपको संघीयता नआएको महतोले



*गजेन्द्र नारायण सिंह अध्ययन केन्द्रले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा लोसपाका वरिष्ठ नेता एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोसहित ।*

जिकिर गरे ।

गजेन्द्र नारायण सिंहको परिकल्पनाअनुसारका उपलब्धिहरु प्राप्त नहुनुका पछाडि विभिन्न कारणहरु रहेको औंल्याउँदै महतोले भने, 'उहाँले परिकल्पना गरेअनुसारको उपलब्धि प्राप्त हुन नसक्नु समीक्षाको विषय होला, त्यसको जस अपजस सबै हामीले लिनुपर्छ ।' गजेन्द्रबाबुले उठाएका कुनै पनि सवाल व्यर्थ नगएको बताउँदै उनले भने, 'गजेन्द्राबाबुका सबै सवालहरु अगाडि बढेको छ तर टुंगोमा पुग्न सकेको छैन । गजेन्द्रबाबुले उठाएका सवालहरु त्यतिबेला कुनै पनि हालतमा स्वीकार गरिएको थिएन, आज त्यहीं बाटोमा देश अगाडि बढिरहेको छ ।'

कार्यक्रममा थारु अगुवा सुरेन्द्र चोधरीले गजेन्द्र नारायण सिंहको राजनीतिक सुझबुझ र विचारबारे चर्चा गर्दै भने, 'गजेन्द्रबाबुले नेपाल सद्भावना पार्टी खोल्दा सबैभन्दा बलियो संगठन आदिवासी जनजाति र थारु क्षेत्रमा थियो । तर आज त्यो कहाँ गयो ? यो कुराको समीक्षा हुनु जरुरी छ ।' चौधरीले भने, 'किन कुनै पनि मधेशका पार्टीहरु कोचे मेचे क्षेत्रमा छिर्न सकेन ? किन थारु बेल्टमा छिर्न सकेको छैन ?'

यस्तै, कार्यक्रममा मधेश प्रदेशको नीति आयोगका सदस्य एवं युवा अभियन्ता डा.सोहन साह भने, 'गजेन्द्र बाबुले मधेश/तराईको राजनीति गरेता पनि परिषद/पार्टीको नाम "सद्भावना" राखे। देशको सबै बन्चित र पछाडि पारिएका समुदायको प्रतिनिधित्व गर्ने राजनीतिक अभियान र जनचेतना जागरण गरे। गजेन्द्र बाबुको ब्रान्ड नै "उनी सबै हो": हरेक समुदाय/जात/धर्मको ।'

डा. साह भन्छन्, 'गजेन्द्र बाबुमा secular छविको पनि । यो कुरो आजको सन्दर्भमा अझ महत्वपूर्ण छ । र, संघीयता, समावेशी, सामाजिक आर्थिक समानताको भास्य स्थापित गरे । उनले हरेक समुदायमा संगठन बनाए । मधेश पहिचानको चेतना र कतै कतै "मधेशवादको" प्रारम्भिक जग स्थापित गरे । किन भने "मधेशवादी" tagged भएता पनि "मधेशवाद" स्थापित गर्ने काम सकेनन् कि जस्तो लाग्छ !! यो त ठुलै प्राज्ञिक काम हो जस्तो पनि लाग्छ !! गजेन्द्र बाबूले क्षेत्रिय राजनीति गरेर पनि देशमा अधिकारको अवाज काठमाडौंमा राख्न सकिन्छ भन्ने confidence दिए । क्षेत्रीय राजनीतिको successful

बाँकी पृष्ठ ६ मा

### लोसपाले पनि मनायो गजेन्द्रबाबुको पुण्यतिथि



काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालले मधेशवादका प्रणेता एवं सद्भावना पार्टीका संस्थापक अध्यक्ष स्व.गजेन्द्र नारायण सिंहको २२औं पुण्यतिथि मनाएको छ । बुधबार बबरमहलस्थित लोसपा केन्द्रीय कार्यालयमा आयोजित पुण्यतिथिमा लोसपा अध्यक्ष महन्थ ठाकुरसहित केन्द्रीय नेताहरुले श्रद्धासुमन अर्पण गरेका थिए ।

## मधेश सरकारबाट जनमतको बहिर्गमन किन ?

जनकपुरधाम । मधेश प्रदेश सरकारमा सहभागी रहेको डा.सीके राउत नेतृत्व जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिँदै बाहिरिएको छ । जनमत पार्टी सत्ता गठबन्धनको घटक दल हुँदा पनि जहिल्यै फरक मत राख्दै आएको थियो । गठबन्धन सरकारमा हुँदा पनि सरकारकै विरुद्धमा जनमत पार्टीले गतिविधि गर्दै आएको थियो । यसैबीच, जनमतलाई सरकारबाट हटाउने तयारी गरिरहँदा त्यसअगाडि नै मधेश सरकारबाट बाहिरिएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले सरकारबाट निकाल्ने तयारी गरेकाले जनमत पार्टी सरकारबाट बाहिरिएको टिप्पणी गरेका छन् । उनले जनमत पार्टीका मन्त्रीहरूले सरकारलाई असहयोग गर्नेगरी तारन्तार बदमासी गरेकाले बर्खास्त गर्ने तयारी गरेकै बेला उनीहरूको राजीनामा आएको बताए । प्रदेश सरकारलाई प्रदेशसभाका शतप्रतिसत अर्थात् एक सय तीन सदस्यको समर्थन रहेकोमा १३ जना जनमत पार्टीका सदस्यका समर्थन फिर्ता भएकाले विश्वासको मत लिन आफू बाध्य नभएको भन्दै मुख्यमन्त्री यादवले ३० दिनभित्र विश्वासको मत लिने प्रस्ट्याए ।

सरकारलाई अस्तव्यस्त पारिरहने सुरुदेखि नै जनमत पार्टीको नियत रहेको आरोप लगाउँदै उनले सप्तरीमा कृषि विश्वविद्यालय बन्न नदिन भिसी र रजिस्ट्रारलाई कुटपिट गरी विश्वविद्यालयमा ताल्चा लगाउने घटनाबाट जनमतको बदमासी असह्य बन्न पुगेको बताए । सरकारमा सहभागी भएका बेला एक मन्त्रालय रहेको जनमतलाई थप एउटा मन्त्रालय आफूले दिएको भन्दै मुख्यमन्त्री यादवले विभिन्न जिल्लामा यातायात व्यवस्था कार्यालय आदि विस्तार भइरहँदा जनमतकै श्रम तथा यातायात मन्त्रीलाई आफूले उद्घाटन गर्न अवसर दिएकाले जनमतप्रति आफ्नो कुनै पूर्वाग्रह नरहेको जिकिर गरे ।

सरकारबाट बाहिरिँदा जनमत पार्टीले मुख्यमन्त्री यादवमाथि पक्षपातपूर्ण, संकीर्ण र क्षुब्ध व्यवहार गर्दैआएको आरोप लगाएको छ । मुख्यमन्त्री यादवले जनमत सरकारबाट बाहिरिँदा सत्तामा सहभागी पाँच दल खुसी भएको बताए । मुख्यमन्त्री यादवले रिक्त दुई मन्त्रालयमा मन्त्री नियुक्त गर्ने विषयमा सरकारमा सहभागी पाँच दलसँग छलफल गर्ने बताए । सहमतिका आधारमा मन्त्रालय बाँडफाँड गरी छिट्टै मन्त्री नियुक्त गरिने उनले बताए ।

### 'जनमतमा राजनीतिक संस्कार देखिएन'

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जनमत पार्टीमा राजनीतिक संस्कार नदेखिएको बताएका छन् । सामाजिक सञ्जालमा टिप्पणी गर्दै उनले जनमतका अध्यक्ष चन्द्रकान्त राउतलाई पाखण्डीको आरोप समेत लगाएका छन् । बस्नेतले भने, जनमत पार्टी सत्तासाझेदार भएपछि मधेस र मधेसी जनताका लागि राम्रो काम हुन्छ भन्ने थियो । तर जनमतले निर्वाचनका बेला होस् या निर्वाचन सम्पन्न भएपछि होस् । सरकारमा सहभागी हुँदा होस् या प्रतिपक्ष रहँदा होस्, कुनै पनि बेला राजनीतिक संस्कार देखाउन सकेन । चन्द्रकान्त राउतले उपेन्द्र यादवलाई सार्वजनिक रुपमा आफ्नो नेताको रुपमा आदर र सम्मान गरेका थिए । तर त्यो सम्मान र आदर देखावटी रहेछ भनेर आज पुष्टि भयो । उनी पाखण्डी देखिए, बस्नेतले लेखेका छन् । आफ्नो पूर्व निर्वाचन क्षेत्रका जनतासँग गरेका प्रतिबद्धता पुरा गर्न अध्यक्ष यादव जिम्मेवारपूर्ण ढंगले लाग्नु भएको हो, जनमतले यस कार्यलाई सकारात्मक रुपमा लिन सकेन । मधेस कृषि विश्वविद्यालय शिलान्यासको प्रमुख अतिथि कसलाई बनाउने भन्ने निर्णय विश्वविद्यालयले गरेको थियो सोही अनुसार जसपाका अध्यक्ष उपेन्द्र यादव प्रमुख अतिथिको सहभागी मात्र हुनु भएको हो । जनमत पार्टी उत्तेजना, आवेग र उदण्डता देखाउन उद्दत रहेको बस्नेतको भनाइ छ ।

## जसपा अध्यक्षद्वारा कृषि विश्वाविद्यालयको शिलान्यास

राजविराज । जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष एवम् पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवले मधेश कृषि विश्वविद्यालयको भवन निर्माणका लागि भूमि पूजन एवं शिलान्यास गरेका छन् ।

राजविराज नगरपालिका वडा नम्बर १३ स्थित विसहरियामा सोमबार आयोजित विश्वविद्यालय भवन निर्माणार्थ भूमिपूजन एवम् शिलान्यास गर्दै उनले दक्ष जनशक्ति उत्पादन गरी मधेश कृषि विश्वाविद्यालयले आर्थिक समृद्धिमा योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका हुन् ।

वर्षौंदेखिको सपना साकार हुन पाएकोमा खुशी व्यक्त गर्दै उनले भने 'राजविराजमा आज कृषि विश्वविद्यालयको भूमिपूजन एवम् शिलान्यास गर्न पाउनुले म अत्यन्तै खुशी छु, दक्ष जनशक्ति उपादन गरी कृषि क्षेत्रमा आधुनिकीकरण गर्दै रोजगारी तथा आर्थिक समृद्धिमा योगदान मिल्नेमा विश्वस्त छु ।'

समारोहमा अपार सहभागिताले आफूमाथि जिम्मेवारी थपिएको भन्दै उनले



यस कार्यमा सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिए । निर्माण कार्य सम्पन्न गरी लक्ष्य प्राप्तितर्फ बढ्न विश्वविद्यालयलाई शुभकामना दिँदै जसपा अध्यक्ष यादवले आफुबाट हुनसक्ने सहयोग र पहलकदमी लिन कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता व्यक्त गरे ।

उनी यसअघि सप्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट जनप्रतिनिध रहँदा कृषि विद्यालय, नर्सिङ्ग कलेज, रामराजा सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, इन्जिनियरिङ्ग कलेज, ५० बेडको गजेन्द्रनारायण सिंह अस्पताललाई ४२० बेडमा स्तरोन्नती गर्दै सुविधासम्पन्न भवन निर्माण, सामुदायिक विद्यालयहरुमा पक्की भवन, आधा दर्जन पक्की सडकका कामहरु गरेका थिए ।

कृषि विश्वविद्यालय समेत उनकै पहलमा प्रदेश सरकारको आर्थिक सहयोगमा अगाडि बढेको हो ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले कृषि विद्यालय प्रदेश सरकारको गौरवका योजनामा रहेको यस विश्वविद्यालयलाई आर्थिक अभाव हुन नदिने प्रतिवद्धता व्यक्त गरे । उनले विश्वविद्यालय परिवारलाई उच्च मनोबलका साथ अगाडि बढ्नसमेत निर्देशन दिए ।

पूर्वमुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले आफू मुख्यमन्त्री हुँदै उपेन्द्र यादवकै निर्देशनमा राजविराजमा कृषि विश्वविद्यालय स्थापना गर्ने निर्णय भएको स्मरण गराए । प्रतिकुल अवस्थाका बावजुद पनि प्रदेश सरकारले यसलाई प्रदेश गौरवको योजनामा राखेकोले देशकै उदाहरणीय विश्वविद्यालयको रुपमा स्थापित हुने उनले बताए ।

बाँकी पृष्ठ ६ मा

## सामाजिक सुरक्षामा आबद्धताका लागि गण्डकीका ३२ स्थानीय तहसाग सम्झौता

काठमाडौं । अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध हुन् गण्डकी प्रदेशका ३२ स्थानीय तहले एकै पटक सम्झौता गरेका छन् ।

शुक्रबार र शनिबार पोखरामा भएको स्थानीय तहसँग सामाजिक सुरक्षा कोष कार्यक्रमको समापनमा कोषका तर्फबाट कार्यकारी निर्देशक कविराज अधिकारी र स्थानीय तहको तर्फबाट जनप्रतिनिधिले श्रमिकलाई सामाजिक सुरक्षा योजनामा लैजान सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन् ।

सम्झौतामा हस्ताक्षर गर्ने कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले एकैपल्ट ३२ स्थानीय तहसँग सम्झौता भएर नयाँ इतिहासको सुरुवात भएको बताए ।

गण्डकीका तनहुँ, कास्की, स्याङ्जा, बागलुङ र पर्वतका ३२ वटा स्थानीय तहले




शनिवार पोखरामा आयोजित एक समारोहकाबीच सामाजिक सुरक्षा कोषसँग एकै पटक सम्झौता गरेका श्रम मन्त्रिका स्वकीय सचिव रंजित निस्पक्षले जनाएका छन् । यससँगै सामाजिक सुरक्षा कोषमा आबद्ध हुने गण्डकी प्रदेशका स्थानीय तहको संख्या ३४ पुगेको छ ।

सामाजिक सुरक्षा कोषका अनुसार सम्झौता बमोजिम कृषि, निर्माण, यातायात र घरेलु श्रमिकसहित स्वरोजगार व्यक्तिले सरकारले तोकेको आधारभूत पारिश्रमिक १० हजार आठ सय २० को ११ प्रतिशत हुन आउने एक हजार एक सय ९० रुपैयाँ मासिक रूपमा योगदान गर्नुपर्छ ।

त्यसमा स्थानीय तहले उक्त रकमको ९.३७ प्रतिशत अर्थात एक हजार १३ रुपैयाँको योगदान गर्नेछन् । त्यसबाट विभिन्न चा वटा योजनामा श्रमिकले सुविधा पाउनेछन् । औषधोपचार, स्वास्थ्य र सुरक्षित मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धावस्था सुरक्षा योजना अन्तर्गत योगदानकर्ताले सुविधा पाउनेछन् ।

## सम्पादकीय

# मित्रराष्ट्र भारतलाई शुभकामना

आज छिमेकी मित्रराष्ट्र भारतले ७५औं गणतन्त्र दिवस मनाइरहेको छ । यो दिन भारतका लागि एउटा राष्ट्रिय पर्व पनि हो । प्रत्येक वर्ष यस अवसरमा भारतका प्रधानमन्त्रीले भारतबासीलाई सम्बोधित गर्दै आएका छन् । यस वर्ष पनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले देशबासीलाई सम्बोधन गर्ने छन् । त्यसैगरी, विभिन्न देशहरूमा रहेका भारतीय राजदूतावासमा समेत भारतको गणतन्त्र दिवस भव्यताका साथ मनाइँदै आएको छ । विश्वकै शक्तिशाली प्रधानमन्त्रीको रूपमा पहिचान बनाएका भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबाट नेपाली नेताहरूले पाठ सिक्नुपर्ने हुन्छ । भारतलाई समृद्धितर्फ डोऱ्याउनका लागि जुन किसिमका नीति, नियम तथा अभियानहरू चलाइएको छ त्यसको तुलनामा नेपाली नेताहरूमा केही पाइदैन ।

भारतले नेपालका हरेक क्षेत्रमा जस्तै, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, जलस्रोत लगायतमा वर्षेनी अर्बौंको लगानी गर्दै आइरहेको छ । विश्वकै अनुपम सम्बन्ध रहेको नेपाल र भारतबीचको सम्बन्धलाई अन्य मुलुकसँग दाँज्न मिल्दैन । भारतले नेपालको हरेक दुःख सुखमा साथ दिँदै आएको छ । छिमेकी मुलुक समृद्ध भए आफू पनि समृद्धिको बाटोमा जान सजिलो हुने मान्यता बोकेको भारतले नेपालको समृद्धिका लागि काँधमा काँध मिलाएर अगाडि बढ्न चाहेको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको क्रममा गरिएको सम्बोधनबाट प्रष्ट हुन्छ । भारतले चुनौतीका बीच आफ्ना छिमेकीहरूसँगको सम्बन्ध सुधार गर्ने प्रयास गर्दै आएको छ । नेपाल-भारत सम्बन्धका निमित्त अत्यन्तै महत्वपूर्ण स्थान ओगटेको मधेश र मधेशीको सवालमा प्रष्टताको खाँचो छ । तराई मधेशका हरेक जिल्ला भारतको सीमासँग जोडिएको हुनाले सीमाक्षेत्रका जनताको खास सम्बन्ध रहेको कुरा कसैले नकार्न सक्दैन । नेपाल र भारतबीचको सम्बन्धमा उतारचढाव आएको कुरा बेलाबखतमा सुनिदै आएको छ तर जनता-जनताबीचको सम्बन्धमा कुनै किसिमको चिसोपना आएको छैन ।

राजनीतिक स्वार्थका कारण नेपालका केही राष्ट्रवादी भनाउँदा नेताहरूले भारत विरूद्ध विभिन्न खालका भ्रम फैलाउन प्रयास गर्छन् तर सम्बन्धमा कुनै किसिमको असर पर्दैन । तर, भारतले मधेशमा बसोबास गर्ने जनताप्रति जुन किसिमको व्यवहार गर्नुपर्ने हो त्यसमा कमी महसुस गरिँदै आएको छ । अवसरमा समावेशिता, विकासमा समानता र सम्बन्धमा सामिप्यताको चाहना राखेका मधेशमा बस्ने नेपालीहरूको मनोभावनालाई बुझ्न जरूरी छ । नेपाल र भारतको सीमा क्षेत्रमा बसोबास गरेका नागरिकहरू दैनिक जीवनयापनका लागि विशेष व्यवस्था हुनुपर्ने, सहुलियत प्राप्त होस् भन्ने चाहन्छन् । मधेशी जनताको भावनालाई समेट्ने हो भने बैंकिङ्ग, कृषि, विकास, ऊर्जा, सीमा, यातायात लगायतका शीर्षकहरू महत्वपूर्ण छ । यी र यस्ता कुराहरू भारतले मध्यनजर गर्दै विशेष ध्यान दिने हो भने यो सम्बन्ध आगामी दिन अझ प्रगाढ र आत्मीय हुँदै जान्छ । कृषि नै मधेशको मेरुदण्ड हो । मधेशमा कृषि क्षेत्र नै बढी रहेको छ ।

खुला सिमाना र दुवै क्षेत्रमा कृषकहरूकै स्थायी बसोबास रहेकोले भारत-नेपाल सम्बन्ध प्रगाढ गर्न मुख्यतया कृषक र कृषिमा विशेष ध्यान दिनु जरूरी छ । भारतले नेपालमा गर्ने लगानी र क्षेत्रको चयनमा समानता होस् भनी मधेशी अगुवाहरू चाहन्छन् । प्रशिक्षण, सेना भर्ना, छात्रवृत्ति, भ्रमणलगायत भौतिक र जनशक्तिको विकासमा दुवै समुदायबीच समानता चाहन्छन् मधेशीहरू ।

छात्रवृत्ति, भ्रमण, प्रशिक्षण र अन्य अवसरहरूमा कर्मचारी पत्रकार, नेता, विद्यार्थी, कृषक र अन्य पेशावालहरूले पाउने अवसरमा समानता हुनुपर्ने जरूरी छ । स्कूल, कलभर्ट, सडक, सिचाईं नहर निर्माणमा समानता र समन्यायको चाहना राखेका छन् मधेशीहरूले । अतः नेपाल-भारत सम्बन्धको सेतुको रूपमा रहेका सीमा क्षेत्रका नागरिकहरूलाई प्राथमिकताका साथ व्यवहार गर्दा सदियौंदेखि रहिआएको सामाजिक, धार्मिक, पारिवारिक तथा विविध खालको सम्बन्ध थप उचाईमा पुग्दै जान्छ । तसर्थ, भारतको ७५औं स्वतन्त्रता दिनको अवसरमा सम्पूर्ण भारतीय जनतामा हार्दिक बधाई तथा शुभकामना ।

# गजेन्द्रबाबुको दर्शन र मधेशको सवाल



अनिल महासेठ

> लोकतन्त्र, बहुलवाद र राष्ट्रियताको सवाललाई तत्कालीन प्रतिकूल अवस्थामा पनि गजेन्द्रबाबुले प्रखर रूपमा स्थापित गरे । आफूमाथि अनेक लाञ्छना, आरोप-प्रत्यारोप बेहोर्दै नेपालको राजनीतिमा मधेशीहरूको पहिचान र पहुँचको कुरालाई निरन्तर रूपमा उठाउन प्रयत्न गरे ।

*'जबतक शोषित इन्सान रहेगा,*
*धर्ति पर तुफान रहेगा ।'*

गजेन्द्रनारायण सिंहको भनाइ हो यो । गजेन्द्रनारायण (१९८५-२०५८)ले २२ वर्षअघि आजैको दिन (माघ १० गते) धर्ती छाडेका थिए । नेपालको राजनीतिमा गजेन्द्रनारायणले मधेशलाई स्थापित गरेका हुन् । मधेशमा पहिलो, दोस्रो र तेस्रो विद्रोह भयो र केही हदसम्म भए पनि मधेशले पहिचान र अधिकार पाएको छ । गजेन्द्रनारायण सिंहभन्दा पहिला पनि मधेशको मुद्दा नउठेको होइन, मधेशको अधिकार र पहिचानको कुरा पहिलोपटक प्रभावशाली र संगठित रूपमा लामो समयसम्म उठाउने उनै हुन् ।

उनले आफ्नो पार्टीबारे भन्थे- सद्भावना कुनै पार्टी होइन, यो मधेशी जनताको भावना हो । यस भावनालाई नेतृत्व गर्नेले प्रजातान्त्रिक पद्धतिबाट सही मार्गमा लान सक्नुपर्छ । नेपालभित्र दोस्रो दर्जाको नागरिकसरह जीवन बिताउन बाध्य बनेकालाई सामाजिक न्याय दिलाउँदै सम्पूर्ण नेपाली नागरिकले समानताको अनुभूति गर्न सक्ने नयाँ नेपालको स्थापना गर्नु नै आफ्नो पार्टीको मुख्य लक्ष्य हो ।

यो पंक्तिकारले करिब चार वर्षदेखि गजेन्द्रनारायण सिंह अध्ययन केन्द्रको ब्यानरमा खासगरी उनको पुण्यतिथिमा फरक-फरक सवालमा सामाजिक, राजनीतिक र सांस्कृतिक अन्तर्क्रिया गर्दै आएको छ । अहिलेको खासगरी मधेशकेन्द्रित राजनीतिक दल र समाजमा गजेन्द्रबाबुप्रति अगाध श्रद्धा र सम्मान आजपर्यन्त कायम देखिन्छ ।

हामीले धेरै सुनेको तर प्राप्त गर्न नसकेको 'समग्र मधेश एक प्रदेश', जसमा हामीले मेचीदेखि महाकालीसम्मको मधेश प्रदेश कुरा उठाएका थियौं, भावनात्मक रूपमा मेचीदेखि महाकालीसम्मको मधेशलाई जोड्ने प्रयत्न गर्ने पहिलो मधेशी नेता बन्ने श्रेय पनि उनै गजेन्द्रनारायणलाई जान्छ ।

अधिकार, पहिचान, समतामूलक समाज निर्माणको सवालमा आवाज बुलन्द गर्दै शोषण, उत्पीडनमा परेका मधेशी समाजमा उनले आफ्नो अधिकारका लागि लड्नुपर्छ भनी सपना जाग्रित गराउने पवित्र कार्य गरे । संघीयता, समावेशिता, मधेशीको राष्ट्रिय पहिचानको मान्यताको लडाइँ, जातीय, लैङ्गिक विभेद र असमानताको लडाइँ लड्दै समतामूलक समाज निर्माणमा जीवनपर्यन्त संघर्षरत रहे ।

लोकतन्त्र, बहुलवाद र राष्ट्रियताको सवाललाई तत्कालीन प्रतिकूल अवस्थामा पनि गजेन्द्रबाबुले प्रखर रूपमा स्थापित गरे । आफूमाथि अनेक लाञ्छना, आरोप-प्रत्यारोप बेहोर्दै नेपालको राजनीतिमा मधेशीहरूको पहिचान र पहुँचको कुरालाई निरन्तर रूपमा उठाउन प्रयत्न गरे ।

### मधेशको आगामी यात्रा

मधेशमा अधिकार र पहिचान प्राप्तिका लागि संस्थागत रूपमा गजेन्द्रनारायणको नेतृत्वकाल र त्यसपछि पहिलो, दोस्रो र तेस्रो मधेश आन्दोलन भए । जसमा एक सय १७ जना सहिद भए । मधेश विद्रोहको रापतापपछि मधेशवादी शक्तिको आवाज ब्यालेटबाट जुन रूपमा मुखरित भएर आयो, त्यो आवाज बिस्तारै धमिलो हुँदै छ । आन्दोलनको करिब १५ वर्षमै मधेशको मुद्दा ओझेलमा पर्न थालेको छ । मधेशकेन्द्रित भनिएका राजनीतिक शक्तिहरू एक्लाएक्लै चुनाव लड्न सक्ने स्थितिमा समेत रहन सकेनन् ।

ठुला भनेका दलले मधेशका नेताको व्यवस्थापनमा ध्यानकेन्द्रित गर्दै आएका छन् । नेताहरूको व्यवस्थापनसँगै मुद्दाको पनि व्यवस्थापनमा ठुला भनिएका दलहरु गम्भीर बन्नुपर्ने हो, तर त्यसो हुन सकेको देखिँदैन ।

मधेश आन्दोलनको इतिहास तत्कालीन सरकारले ५ पुस २०५० मा नेपाल सद्भावना पार्टीसँग चारबुँदे सहमति गरेको थियो, तर न सहमति पालना भयो न त मुद्दाको व्यवस्थापन । २६ कात्तिक २०५५ मा सरकार र सद्भावना पार्टीबिच पुनः तीनबुँदे सहमति भयो, तैपनि मधेशका मुद्दा ज्युँका त्युँ रहे ।

राज्यसत्तामा सम्मानजनक उपस्थिति, अधिकार र हक हुनुपर्ने भन्दै २००८ सालदेखि सुषुप्त रूपमा चल्दै आएको मधेश आन्दोलन २०६३ माघ ५ गते लहानबाट 'मधेश विद्रोह'को रूपमा विस्फोट हुन पुगेको थियो । त्यसपछि मधेशका सबै दलको संयुक्त मोर्चाको नेतृत्वमा भएको मधेश विद्रोहको बलमा अन्तरिम संविधानमा संशोधन भई पहिलोपटक मधेशले संवैधानिक पहिचान प्राप्त गऱ्यो । तर दोस्रो संविधान सभाबाट संविधान बन्दा मधेशले उठाएका मुद्दाको त्यति सम्बोधन भएन । सरकारकेन्द्रित मुख्य दलहरूले मधेशका महत्त्वाकांक्षी नेताहरूको व्यक्तिगत स्वार्थको सम्बोधन गरिदिने तर मधेशीको अधिकारलाई वास्ता नगर्ने रणनीतिमा लागेको देखियो । आफ्नो स्वार्थ पूरा भएपछि मधेशीको अधिकारको वास्ता नगर्दा मुख्य दलहरूलाई सजिलो हुने नै भयो । ठुला दलहरूले मधेशको मुद्दालाई मधेशी जनताको मुद्दा नबुझेर मधेशवादी दलहरूको मुद्दा बुझिदिँदा पनि समाधान पर धकेलिँदै गएको हो ।

२०५० सालदेखि १४ जेठ २०७८ सम्म मधेशी दलसँग सत्तापक्षले २० पटक सम्झौता गरेको छ । यी सम्झौताले निकासभन्दा पनि समस्यालाई निरन्तरता मात्र दिएको देखिन्छ । जसकारण मधेशमा सम्झौताको चाङसँगै असन्तुष्टको संख्या पनि थपिँदै छ । एजेन्डा लिएर आन्दोलन गर्ने अनि आन्दोलनलाई आफ्नो स्वार्थअनुसार बिसाउने प्रवृत्तिले पनि मधेशमा आक्रोश बढ्दै गएको छ ।

०६३ र ०६४ सालमा भएको मधेश आन्दोलन र त्यसपछिको सहमतिले एक प्रकारको जितको अनुभूति दिलाएको थियो । ०७२ सालको आन्दोलनले पराजयको अनुभूति गरायो । ६ महिना लामो र कठोर आन्दोलन भए पनि त्यस आन्दोलनमा मधेशी हारे, त्यसलगत्तै भएको निर्वाचनको जितले आन्दोलनमा भएको पराजयलाई बिर्साइदिएको थियो । मधेशी नेताहरू जितको उत्सव मनाउनमै मस्त भए । स्थानीय तहमा विजय प्राप्त गरेकाहरू उपभोक्ता समिति गठन र रकमको व्यवस्थापनमा व्यस्त भए । प्रदेश वा केन्द्रका सांसदहरू आफ्नो कोषको व्यवस्थापनमा व्यस्त भए ।

त्यतिबेला तत्कालीन प्रदेश २ मा मधेशी दलकै सरकार बनेको थियो । मधेशी जनताले काठमाडौंका शासकको पृथक् शासन अपेक्षा गरेका थिए तर अपेक्षाकृत अनुभूति मधेशी जनताले गर्न सकेनन् । तत्कालीन मधेशकेन्द्रित दलका मुख्य नेताहरू प्रदेश सरकारको नेतृत्वमा नजानु पनि अर्को विडम्बना भयो । स्थानीय सरकारलाई त झन् दलहरूले प्रभावकारी बनाउन सकेनन् ।

संविधानप्रति असहमतिको आन्दोलन किन छाडियो ? निर्वाचनमा पालैपालो भाग किन लिइयो ? २०७४ चुनावको प्रस्ट सन्देश थियो– मधेशी दलको नेतृत्वले जनकपुरधामको सत्तालाई प्रभावकारी बनाऊन् र संघीय संसद्मा संविधान संशोधनको राजनीतिलाई फराकिलो पारून्, तर मधेशवादी दलले त्यस पथमा काम गर्न सकेनन् । २०७९ को चुनाव आउँदासम्म मधेशवादी दलहरूले आफ्नो एजेन्डा बिर्सेर पहिला विरोध गरेकै पार्टीहरूसँग राजनीतिक गठबन्धन गरेपछि उनीहरूलाई जनताले पत्याएनन् ।

मुख्य दलहरूले प्रायोजित रूपमै भन्न थाले- राजनीतिक कुरा सकियो, अब सुशासन र समृद्धिको कुरा गर्नुपर्छ, त्यो एजेन्डा मधेशी दलसँग छैन । यसै बखत सिके राउतको दलले किसानका दुःख-पीडा, मलको अभाव र जनतालाई प्रत्यक्ष सरोकार राख्ने विषयमा बोलेर गाउँघरमा आफूलाई चर्चित बनायो । प्रदेश सरकारका गलत क्रियाकलापको खुलेर विरोध गरेकाले जनमत पार्टीलाई जनताले एक अवसर दिन उचित ठानेको देखिन्छ । यति हुँदैमा मधेशको राजनीतिक सवाल सिद्धिएको मान्न सकिन्न । 'समृद्धि र विकास'को सपना बाँडेर परिवर्तनका आधारभूत सवालहरूलाई पन्छाउने खेल जुन मधेशतिर सारिएको छ, त्यो क्षणिक मात्र हो ।

सधैं आन्दोलन र पुरानै एजेन्डा तथा नेतृत्वको अकर्मण्यताका कारण जनता निराश भए । यसले गर्दा मधेशी दलहरू एकातिर, मधेशी जनता र मधेशको एजेन्डा अर्कोतिर भयो । अहिलेको 'हङ पार्लियामेन्ट' संघीयता, गणतन्त्र, समावेशिताविरोधी शक्तिहरूको पनि उपस्थिति छ । जहाँ मधेश 'मुद्दा'को सम्बोधन त के प्रवेशै हुन मुस्किल छ । मधेशका मुद्दा पर धकेलिँदा मधेशमा विद्रोहको सम्भावना पनि व्यापक बन्दै जाने नै छ । अहिलेका शासकलाई के लाग्छ भने जनताको मतलाई राष्ट्रवादले लठ्याएर फेरि मतपेटिकामार्फत आउन सकिन्छ । अझै पनि सत्ताले मधेशलाई बुझेन भने फेरि जनता जाग्छन्, उही चक्र दोहोरिन्छ ।

### मधेशका मुख्य सवाल

अहिले मधेशमा जातीय विवाद चर्किंदो छ । मधेश आन्दोलनका बखत सबै मधेशी थिए । केही पछाडि थारु र मुस्लिमलाई अलग गरियो, त्यसपछि जात-जात र मूल गोत्रमा विभाजन गरियो । अहिले विभाजन हिन्दु-मुस्लिम, थारु-बाजि हुँदै फरवार्ड-ब्याकवार्ड, यादव-अन्यबीच मात्र होइन, जात-जातबिच झरेको छ । मधेशी आन्दोलन विभाजनबाट विघटनतर्फ जान सक्ने स्थिति देखापर्दै छ । मधेश आन्दोलनको कार्यभार पूरा गर्न जातीय एकता हुँदाको शक्ति पुनः फर्काउन आवश्यक छ ।

व्यक्तित्वहरूको द्वन्द्व, भूमिकाको खोजी, अवसरको उपयोग-दुरुपयोग, कुण्ठा-द्वेषको संघर्ष र नेतृत्व लिने होडबाजीले गर्दा मधेशी नेतृत्व पंक्ति विभाजित छ । सानो अवसर पाउँदैमा मस्त हुने र नपाउँदैमा गालीगलौजमा व्यस्त हुने कुसंस्कार देखिएको छ । खासगरी नेतृत्वको अहंलाई व्यवस्थापन गरेर अगाडि बढ्नु छ ।

आन्दोलनबाट आइसकेको सरकारबाट धेरै अपेक्षा थियो । कांग्रेस, एमालेले धेरै गोलमाल र भ्रष्टाचार गरे भनेर पनि हिजो मधेशी जनता मधेशी दलमा लागेका थिए । मधेशी दलहरूले पनि पैसा कमाउने, उपभोक्ता समितिमार्फत बाँडीचुँडी खाने गरेपछि मधेशी जनताले पुराना दल र मधेशी दलमा तात्त्विक भिन्नता देखेनन् । यसतर्फ मधेशी दलले सोच्नुपर्ने भएको छ ।

'मधेश प्रदेश' नामकरण समग्र मधेश ( मधेशका २२ जिल्ला) का लागि उपलब्धि मान्ने हो भने प्रश्न उठ्छ, नामकरणको खुसियाली बाँड्न मधेश सरकारले दिएको बिदाको उपयोग सबैले गरे त ? के मेचीदेखि महाकाली सबैतिर दीप प्रज्ज्वलित गरियो ? सप्तरीदेखि पर्सासम्म नेता-कार्यकर्ताको उपस्थितिमा एकथरी मधेशीले खुसी मनाइरहँदा यसभन्दा बाहेकका भूगोलका मधेशीको मनोस्थितिको विश्लेषण गर्ने कि नगर्ने ? यसबारे बाँकी मधेशलाई सम्बोधन हुने गरी विश्वासिलो आधार तयार हुन जरुरी छ ।

पछिल्लो मधेश आन्दोलन मधेशी जनताले गरेको चरम संघर्ष थियो, तर आन्दोलन सफल हुन सकेन, मधेशी जनता हारे । यस्तो मनोदशाले मधेशलाई एक पाइला पछाडि धकेल्ने काम गरेको छ भन्दा अस्वाभाविक हुँदैन । आन्दोलनका समयमा यहाँका समग्र मधेशी जति उत्साहित थिए, त्यसमा ह्रास देखापरेको छ । त्यसबखत मधेशी जनताको ठम्याइ थियो- आन्दोलनको परिणामले मधेशमा व्याप्त विभेदको अवस्थालाई चिर्नेछ र समतामूलक समाजको निर्माण हुनेछ । यतिखेर उनीहरूको ठम्याइ छ- विगतका अपेक्षामाथि तुषारापात भएको छ । त्यसैले अब ठोस भरोसा र योजनासहित मधेशी जनताको आत्मविश्वास जगाउनुपर्छ ।

जातीय सोच र नस्लीय चिन्तन नै मधेशको मूल समस्याको रूपमा बुझ्नुपर्छ । यी समस्याको समाधान नगरीकन नेतृत्वकर्ताको मात्र व्यवस्थापनले मधेशको घाउ निको हुन सक्दैन । ठूला राजनीतिक शक्तिले नै मधेशकेन्द्रित शक्तिलाई फुटाएर कमजोर बनाए । मधेशी दल कमजोर हुँदैमा र मधेशी जनताले भोट दिए पनि मधेशको माग पूरा गर्न ठूला दलहरूले प्रयत्न गरेनन् भने मधेशमा फेरि अर्को आन्दोलन हुनेछ । डेलिभरीको एजेन्डा बोकेका नयाँ दलले पनि धर पाउने छैनन् । संरचनागत विभेदका सिकार बनेका मधेशीहरू संगठित भए भने मधेश आन्दोलित हुन धेरै समय लाग्दैन ।

तराई कांग्रेसदेखि लोसपा, जसपासम्मको यात्रामा अनेकचोटि एकअर्कालाई गद्दार देख्ने उपक्रम चलिआएकै छ । यसका बाबजुद यस क्रान्तिकारी जमिनबाट भावनात्मक जनउभार ऐक्यबद्ध रूपमा देखापर्ने क्रममा विराम लागेन । एजेन्डा ज्युँदो रहेसम्म त्यसको प्राप्तिका लागि पटकपटक आन्दोलन हुन्छ नै, जसले मधेशी राजनीतिलाई मर्न दिँदैन ।

मधेशमा अहिलेको यथार्थ फरक छ र यसलाई यसै आधारमा विश्लेषण गरिनु उचित हुन्छ । मधेशको राजनीति नयाँ ढङ्गले परिवर्तित हुँदै छ । समाज फरक आधारमा रूपान्तरित हुँदै छ र मधेशवासीको मनोदशा खास आधारमा विकसित हुँदै छ । थुप्रै प्रश्न विद्यमान छन्, जसका उत्तर अपेक्षित छन् । मधेशवासी एकपटक फेरि आफूहरूको पक्षमा कुन राजनीतिक दल क्रियाशील छन् भन्ने खोजी गर्ने अवस्थामा पुगेका छन् भनेर भनियो भने त्यो असङ्गत हुने छैन । मधेशले विगतमा संघीयता, समानुपातिक समावेशी र जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको मागलाई स्वर प्रदान गर्दै आएको हो । पूरा हुन अझै बाकी नै छ ।

मुद्दा हाँक्ने नेतृत्व कमजोर भए पनि मधेशको मुद्दा अझै यथावत छ । केन्द्र वा ठुला दलले सम्बोधन नगरेसम्म एजेन्डा जीवितै रहन्छन् । मधेशले काठमाडौंसँग संघर्ष गरिरहेको छ । काठमाडौंमाथि प्रश्न गरिरहेको छ । काठमाडौं केन्द्रीय सत्ताको प्रतीक हो भनिरहेको छ, मधेशले सधैं नेपाली नागरिकता मागिराखेको छ । मधेश नेपालको नेतृत्व गर्न चाहन्छ । मधेशले सिंगो नेपाल खोजिरहेछ । त्यो भाव बुझ्न र बुझाउन जरुरी छ । अर्कोतिर अबको संघर्षमा थारू-मधेशी सहकार्यले आकार पायो भने त्यसमा जनजाति स्वतस्फूर्त रूपमा सहभागिताका लागि तयार हुन्छन् र साथमा उत्पीडित खस-आर्य जोडिन आउनेछन् ।

कुनै पनि प्रसंगको कुरा गर्दा, हिजोको प्रश्नहरूबाट हिजोको जस्तो उत्तर खोजेर हुँदैन । आजको समस्याको समाधान खोज्ने हो भने, आजका प्रश्न के के हुन्, आजको उत्तर कस्तो हुनुपर्छ भन्नेमा सामूहिक रूपमा सम्पूर्ण शोषित-पीडित र बहिष्करणमा परेका नेपालीले सँगै बसेर चिन्तन गर्न आवश्यक छ ।

*(महासेठ गजेन्द्रनारायण सिंह अध्ययन केन्द्रका संयोजक हुन् ।)*

# राष्ट्रिय मुक्ति क्रान्ति

## बहुलराष्ट्रिय राज्य स्थापनाको निम्ति आह्वान

– राजेन्द्र महतो

– बुद्धछिरिङ मोक्तान

मेकनिक्समा ईनर्सिया शक्तिले जसरी परम्परा, आदत र रूटिनले मानव चेतनामा गह्रुँगो भारी बनाउँछ, जसको अर्थ हुन्छ कि सोंचहरूले जहिले पनि घटनाहरूलाई ढिलो गराउने गर्दछ । यो ईनर्सियालाई परास्त गर्न ठुला घटनाहरूको हथौडे मुक्का आवश्यक हुन्छ र मानिसलाई अस्तित्वमा रहेको समाज, त्यसको सोंच र मुल्यहरूलाई प्रश्न गर्न वाध्य पार्छ । प्रकृति जस्तै समाज ढिलो तथा विस्तारै हुने परिवर्तन जान्दछ, तर यहाँ पनि विष्फोटक विकासहरू युद्ध तथा क्रान्तिहरूद्वारा लाईनलाई विच्छेद गराईन्छ, जहाँ परिवर्तनको प्रकृयालाई अधिक तेज पारिन्छ ।

क्रान्तिले जम्मा देखाउने वास्तविक्त त्यो हो कि समाजको वर्तमान सामाजिक संरचना तथा आर्थिक बिकास विचको द्वन्द्वबाट पैदा भएको सामाजिक अन्तरविरोधहरु असहनिय भएको छ । यो केन्द्रिय अन्तरविरोध वर्तमान प्रणालीको क्रान्तिकारी पलटबाट मात्र समाधान गर्न सकिन्छ र नयाँ सामाजिक सम्बन्धहरुद्वारा यसको प्रतिष्ठापन गरेर जसले आर्थिक आधारलाई उपरीसंरचनासँग सामंजस्य ल्याउँछ । क्रान्तिमा समाजको आर्थिक आधारहरुले क्रान्तिकारी परिवर्तन भोग्नु पर्दछ । त्यस पश्चात कानुनी तथा राजनीतिक उपरिसंरचना एउटा गम्भिर परिवर्तनबाट गुजर्नु पर्छ । प्रत्येक मामिलामा पुरानो समाजको गर्भमा एउटा नयाँ समाजतर्फ संक्रमण निमित्त एक तत्काल आवश्यकता प्रस्तुत गर्दै नयाँ उत्पादनको उच्च सम्बन्धहरु भ्रुणमा परिपक्व भएको हुन्छ । यसरी उपरीसंरचना तलबाट हुने प्रहारको परिणामस्वरुप कृया गर्नै नसक्ने अवस्थामा पुगे पश्चात त्यहाँनयाँ संश्लेषण हुन्छ र नयाँ संरचना निर्माण हुन पुग्दछ ।

यसबेला हामीलाई के कुरा थाहा हुन जरुरी छ भने हामीमाथी काठोर शासन लाद्ने शासक जाति–वर्गले कुन वैचारिक धरातलमा उनिहरुको सत्तालाई वैध बनाएका थिए । स्मरण रहोस कि सामन्ती सत्ताहरु समेत ठुलै धार्मिक दर्शनको आधारमा वैध बनाएका थिए । ब्रह्माण्डको सत्य आइडिया होईन म्याटर वा वस्तुहो । आईडिया त फगत वस्तुको उत्पादन हो । यसर्थ ब्रह्माण्डको वस्तुबादिता वा अब्जेक्टिवीटि नै सत्य हो । मार्क्सले व्याख्या गरे कि विचारहरु आकाशबाट झर्दैनन बरु मानिस (महिला तथा पुरुष) को नियन्त्रण भन्दा पर वस्तुगत अवस्थाहरु, सामाजिक दवाबहरु तथा अन्तरविरोधहरु थोर या बहुत सही तरिकाले प्रतिविम्वित गर्दछ । ईतिहास महामानव, राजाहरु, राजनीतिज्ञहरु तथा दार्शनिकहरुको स्वतन्त्र ईच्क्षा र सचेत चाहनाको परिणामको रुपमा प्रकट हुँदैन । त्यसको विपरित समाजको प्रगति उत्पादक शक्तीहरुको बिकासमा निर्भर रहन्छ जुन सचेत योजना होइन बरु मानिस (पुरुष तथा महिला)को पीठपछ्छी बिकास हुन्छ । यो वैज्ञानिक दृष्टिकोण विकास हुनुअगाव मानव समाजले ब्रह्माण्डको सत्य आइडिया वा चेतना मान्यो र भन्यो "ब्रह्म सत्य जगत मिथ्य ।" ब्रह्माण्ड भुत (पदार्थ), जीव (अहंकार) र आत्मा (चेतना) भनि बिभाजन गरियो र एवंरितले पदार्थ र अहंकारमाथि चेतनाको सर्वोपरितालाई जोड दिईयो । अर्थात कर्ता, कृया र कर्म चेतनामात्र हो र आत्मा, ब्रह्म, ईश्वर, ब्राह्मण चेतना रूपहरू हुन । यसर्थ यीनिहरू सवै पुज्य हुन भने बाँकी सबै त्याज्य हुन । जो यो मान्छन उनीहरू आस्थावान (आस्तिक) भए र पुरस्कृत भए । जो यो मान्दैनन उनीहरू अनास्थावान (नास्तिक) भए र तिरष्कृत भए । चारवकजनहरू, बौद्धजनहरूले मानेनन तिरष्कृत भए । स्व-देशीजनहरूले मानेनन तिरष्कृत भए । महिलाहरूको चेतनालाई चेतना मानिएन किनकी त्यो पुरूषको छाँया मात्र हो जसरी पानी भित्रको सूर्य । केहिलाई शूद्र बनाईयो र दास बनाईयो सदाको लागि र मालिकको सेवामा नै आफ्नो मोक्ष देख्न बाध्य तुल्यायो । दक्षिण एशियाको सबै भन्दा प्राचिन मोहेन्जोदारो र हरप्पको सभ्यता ईतिहासकार ईमानसिं चेम्जोङ अनुसार यहाँका प्रथम राष्ट्र, स्व-देशी जनताहरुले निर्माण गरेका थिए । चेम्जोङ्ले आफ्नो पुस्तक किराँतको ईतिहासमा भनिए अनुसार उत्तर तिरबाट आएका आर्यहरुले सिन्धु उपत्यकामाथी आक्रमण गरि कब्जा गरे पश्चात वैदिक सभ्यताको युग शुरु भयो । ॠगवेदको रचनासंगै शुरु भएको वैदिक सभ्यताले शुरुमै अन्य ज्ञान र संकथन विधिलाई अनार्य भनी धुत्कार मात्रै गरेनन बरु त्यस्तो अनार्य शिक्षा पद्दतिहरु समाप्त गर्नुपर्ने मान्यता अनुसार आक्रमण शुरु गरे । आर्य र अनार्यहरु विच घनघोर युद्द भएको कुरा ॠगवेदमा समेत उल्लेख भए अनुसार हामीले तत्कालिन सभ्यताको द्वन्द्वको अनुमान सहजै लगाउन सकिन्छ । अथर्ववेदको पालामा आइपुग्दासम्म यि दुई सभ्यताहरु विच सन्धि शुलह भएको पाईन्छ र यो कुराको प्रमाण यो हो कि जहाँ ब्राह्मणहरु अथर्ववेदलाई अनार्य तत्वहरु रहेको भनी लामो कालसम्म वेदको गणना गर्न तयार भएन कालान्तरमा मात्र अथर्ववेदलाई वेदको गणनामा राखे ।

वैदिक ब्राह्मणहरु साह्रै तर्कबादी थिए भन्ने कुरा उनिहरुको प्रथम वेद ॠगवेदको प्रारम्भिक बन्दनामा राखिएको गायत्री मन्त्रको भावार्थबाट थाहा हुन्छ जहाँ उनिहरुले आफ्नो ईश्टदेवी गायत्रीसंग अरु कुनै कुराहरुको याचना नगरि ज्ञानको ज्योति आफुलाई प्राप्त होस भनी प्रार्थना गरेका छन । वैदिक सभ्यताको बिकाससंगै अन्य स्व- देशी चिन्तन विधिहरु समाप्तै नभएता पनि ज्ञान र संकथनको केन्द्रमा वैदिक चिन्तन नै स्थापित भए । वैदिक ब्राह्मणबादको केन्द्रमा कथित वैदिक सनातन वर्णाश्रम धर्म विधान थिए । यो धर्म विधानले सामाजिक विधानको कार्य समेत गर्दथे जहाँ मानव धर्मलाई चार वर्ण र चार आश्रमको आधारमा विभाजित गरेका थिए । उनिहरु आआफ्नो सम्बन्धित वर्ण र आश्रम धर्म निभाउन वाध्य थिए कि त्यसको पालन नै परम कर्तव्य हुन्थ्यो र पालन नभएमा वा अस्विकार गरेमा दण्डित हुन्थे । दण्ड समेत चारवर्णहरुको तह अनुसार हुन्थे । तल्लो वर्णका मानिसहरुको लागि कठोर दण्ड जस्तै मृत्यु दण्ड समेत हुन्थे भने ब्राह्मणहरुलाई कमसल दण्ड हुन्थे । ब्राह्मणलाई मृत्यु दण्ड वर्जित थियो । यस्तो सामाजिक संरचनाको प्रतिविम्व थियो राजनितिक संरचना पनि यसर्थ उपल्लो वर्णकै दबदबा थियो राजनीतिक संरचनामा । शक्तीको एकल वर्चश्व थियो र रह्यो धेरै कालसम्म जहाँ अन्य शक्तिहरु निरिह भए ।

नेपालको सामाजिक–सांस्कृतिक, राजनीतिक, आर्थिक संरचना २००७ सालको क्रान्तिपूर्वसम्म यही अवधारणाबाट निर्देशित थियो । यद्दपी २००७ साल कालिन राज्यक्रान्ति ताका नेपालमा प्रो. नमचम्स्की ले सन १९७० मा सुझाए जस्तै बिकासित औद्योगिक समाजमा मुलत: चार किसिमको वैचारिक पोजिसनहरु; १. क्लासिकल लिबरल, २. लिबर्टेरिएन सोसियलिष्ट, ३. स्टेट सोसियलिष्ट र ४. स्टेट क्यापिटलिष्ट विचारहरु वैदिक ब्राह्मणबादको विरुद्द आए र ततपश्चात एक अर्कामा कठोर प्रतिश्पर्धा समेत गरे । तथापी हाल विश्वमा मुलत सन १९९० पश्चात शुरु भएको "सभ्यता सँघर्ष" को प्रभाव नेपालमा पर्दै जांदा भने माथिको चार पोजिसन परिवर्तन भई संघर्षको प्राचिन रुपहरु जस्तै: आर्य–अनार्य, नास्तिक–आस्तिक, हिन्दू–गैरहिन्दू, ब्राह्मण–गैरब्राह्मण, स्वदेशी–गैरस्वदेशी, पहाडी-मधेशी आदि रुपमा बिकास भयो । यसबेला यहाँ हिजोका ब्राह्मणबादको विचारबाट लाभान्वित भएका उपल्लो जात–वर्णका शासकहरु माथिको चार पोजिसनहरु मध्य जुनसुकैमा रहेतापनि प्रत्यक्ष औ परोक्ष रुपमा उनिहरुको आफ्नै वर्णिय दबदबा कायम राख्न यि वैचारिक पोजिसनहरुको सहारा लिईरहेको छ र तदनुसार शक्तीमाथिको आफ्नो उत्पिडक जाति–वर्ग दबदबा कायम गर्न चाहन्छन ।

तर अबको विश्वमा एकल शक्तिको वर्चश्व कायम राख्न संभव छैन । बाहुल्य बिश्फोटको परिणामस्वरुप शक्तिको बहुलकेन्द्रहरु निर्माण भयो र ति बहुलशक्तिहरुले मानव सबालहरुमा आ-आफ्नो भूमिका खोजिरहेको छ र विशेषगरी राजनीतिमा त अब शक्तिको एकल केन्द्र संभवै छैन । राजनीतिको बहुलशक्ती केन्द्रहरुलाई कसरी लोकतन्त्रको विधिबाट मुलुकको मूलधारमा समाहित गर्ने भन्ने सबालमा राजनीतिक शक्तीको बहुलकेन्द्र निर्माणसंगै अर्थ-राजनिती भित्रको आर्थिक केन्द्रहरु पनि विनिर्माणको प्रकृयाबाट गईरहेको छ । यहाँ प्राध्यापक माईकल किटिङले अबको लोकतन्त्र बहुलराष्ट्रिय लोकतन्त्र हुनेछ र प्राध्यापक श्यामुयल पी हन्टिङ्टनले, "अबको नयाँ विश्वमा स्थानिय राजनीति जातिय राजनीति हुनेछ भने विश्व राजनीति सभ्यताहरुको राजनीति हुनेछ" भनि उद्घोष गरेको अबस्थामा उत्तरआधुनिकताबादी साहित्यकार जगदीश शम्सेर राणाले भने जस्तै ज्ञान र संकथनको क्षेत्रमा बाहुल्य बिष्फोट भइ सकेको छ यसर्थ अबको ऐतिहासिक जाति-वर्ग संघर्षको जगबाट बिकास भएको नेपाली राजनीतिक अन्तर्विरोधहरु हल गर्नको निमित्त हामीले स्व-देशवाद ९क्ष्लमष्नभलष्क०० को राज्य सिद्धान्त (आदर्श) बहुलराष्ट्रवाद तथा सामुदायिक समाजबादको शासनकला विज्ञान को आधारमा संघिय लोक्तान्त्रिक, राष्ट्रिय गणतन्त्रात्मक, "वहुलराष्ट्रिय राज्य नेपाल" निर्माण भएबाट मात्र हुन सक्छ । यसक्रममा विश्वभरी नै हाल राजनितिमा देखिएको अन्तर्विरोधलाई हेर्दा उदारबाद वा मार्क्सबादको अधिनायकत्वसंग स्वव- देशवाद ९क्ष्लमष्नभलष्क० को संघर्ष लडिरहेको जस्तो देखिएता पनि सारमा हाम्रो लडाई दार्शनिक, राजनीतिक, सामाजिक–सांस्कृतिक, तथा आर्थिक रुपमा सभ्यताहरु विचको संघर्ष हो । सभ्यताहरु विचको संघर्षले हन्टिङ्टनले दावी गरे अनुसार जब विश्व राजनीति सभ्यताको राजनीति भयो, देशिय राजनीति राष्ट्रिय/जातिय राजनीति भयो र महाशक्तीहरु विचको दुस्मनी सभ्यताहरु विचको टकरावले विस्थापित गऱ्यो । फलस्वरुप, २०औं शताब्दीको अन्तिम दशकदेखी शुरुवात भई २१ औं शताब्दीको प्रारम्भिक दशकबाट विश्वभर देखिएको बाहुल्य बिश्फोटको भेललाई रोक्न सक्ने क्षमता कुनैपनि शक्तिशाली राज्यको शक्तिशाली शासकसंग छैन ।

नेपालमा समेत विगतका बर्षहरुमा ज्ञान र संकथन तथा राजनीति र अर्थतन्त्रमा बाहुल्य विष्फोटले पारेको प्रभावका कारण अनेकौं अन्तर्विरोधहरु जन्मे । राजनीतिक रुपमा त्यस्तो अन्तर्विरोधहरु विगतमा भएका सबैखाले राजनीतिक संघर्षहरुमा देखिएका थिए तथापी विगतको माओवादी जनयुद्दताका भने घनिभूत रुपमा प्रकट भए । १२ बुंदे दिल्ली सम्झौता पश्चात भने यि अन्तर्विरोधहरुको हल खोज्ने क्रम शुरु भयो । त्यसको निमित्त नेपाली जनताले संविधान सभालाई पहिलो छनौट गरे तर विगतको प्रथम संविधान सभाको त्यही मुद्दाहरुको कारण अकाल मै मृत्यु भयो र दोश्रो संविधान सभा फगत एक थान संविधान जारी गर्ने कर्मकाण्डसम्म मात्र सिमित भयो । अहिले यो ऐतिहासिक अन्तर्विरोध झन घनिभूत हुँदो भएको छ । यसक्रममा नेपाली राजनीतिक अन्तरसंघर्षको विभिन्न कोणहरुबाट व्याख्या वा अपव्याख्या हुन थालेको छ । यसक्रममा नेकपाको महासचिब नेत्र विक्रम चन्द लेख्नुहुन्छ,

सबैलाई थाहा छ, नेपालको राजनीतिक संक्रमणकाल नयाँ जनवाद चाहने कम्युनिस्ट नेतृत्वको धार र संसदीय व्यवस्था नै चाहने संसदवादी नेतृत्वको धार बीचको भिडन्त र सहमतिबाट पैदा भएको हो ।

यो कुरा सोह्रै आना सत्य हो कि नेपालमा धर्मतान्त्रिक सत्ताको पतन पश्चात उदारलोकतन्त्र र नयाँ जनबादी धारहरुले समाजको उपरीसंरचना र आधारसंरचनामा हुने उथलपुथलहरुलाई दिशानिर्देश गरी आयो । तर यो संघर्षभित्र शुशुप्त रुपमा सभ्यताको संघर्ष थियो जुन मूलत: जातिय अन्तर्विरोधको रुपमा २००७ सालको जनक्रान्ती भन्दा धेरै अगाडिदेखी राजनीतिक रुपमै प्रकट हुँदै आएको थियो । २००७ साल पश्चात भने उदारलोकतन्त्र र नयाँ जनबादको मुद्दा बोक्ने काँग्रेस र कम्यूनिष्ट शक्तिहरु दुबैले नेपालमा विध्यमान जातिय अन्तर्विरोधमा विद्रोहको निमित्त आवश्यक पर्ने शक्ती अन्तर्निहित रहेको बुझे र दुबै शक्तिहरुले

बाँकी पृष्ठ ५ मा

## मधेश अपडेट

### नेपाल-भारत मैत्री संगठनद्वारा विपन्न महिलालाई न्यानो कपडा वितरण




सप्तरी । नेपाल-भारत मैत्री संगठनले विपन्न महिलाहरुलाई न्यानो कपडा वितरण गरेको छ । नेपाल-भारत मैत्री संगठनको आयोजनामा शनिबार दुई दर्जनभन्दा बढी विपन्न वर्गका महिलाहरुलाई न्यानो कपडा वितरण गरेको हो । नेपाल-भारत मैत्री संगठनका अन्तर्राष्ट्रिय केन्द्रीय सदस्य सुनिता साह (क्रान्ति) को संयोजकत्वमा सो साम्रगी वितरण गरिको छ ।

### सीमानाकामा भजन किर्तन एवं दीप प्रज्ज्वलन

जनकपुरधाम । राम जन्मभूमि अयोध्यामा नवनिर्मित मन्दिरमा भगवान रामको प्रतिमामा प्राण प्रतिष्ठाको अवसरमा सीमानाकामा भजन किर्तन एवं दीप प्रज्ज्वलन गरिएको छ । नेपाल-भारत खुला सीमा संबाद समूह र सीमावर्ती नागरिक समाजको संयुक्त आयोजनामा सोमबार धनुषा जिल्लाको दक्षिणी सिमाना र भारतको मधुवनी जिल्लाको उत्तरी सिमाना जटही पिप्रौन सीमानाकामा अवस्थित महादेव मन्दिरको परिसरमा भजन किर्तन एवं दिप प्रज्ज्वलन कार्यक्रमको आयोजना गरि खुसियाली मनाइएको छ । सो कार्यक्रमलाई भव्यता एवं दिव्यताको लागि स्थानीय किर्तन मन्डली लगायत संस्थाको पदाधिकारी एवं दुबै तर्फका आम नागरिक समेत हनुमान आराधना रामनाम किर्तन प्रसाद बितरणको संगै संस्थाद्वारा साधु एबं आमजनहरुका लागि भंडाराको समेत आयोजना गरिएको थियो । उक्त कार्यक्रम नेपाल-भारत खुला सीमा संबाद समूहको तर्फबाट केन्द्रीय सदस्य रिकेश चौधरी, पुरन गुप्ता, कृष्णा साह, नवल झा, प्रमोद कुमार साह, रन्जित झा तथा सीमावर्ती नागरिक समाजको तर्फबाट मुर्ली मनोहर मिश्र, अमरेन्द्र झा, प्रदिप चौधरी लगायतको सक्रिय सहभागितामा बेलुका दिप प्रज्जवलन गरी समापन गरिएको थियो ।

### ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण

सुनसरी । पुस माघको कठ्यांग्रिँदो शितलहरबाट आक्रान्त सुनसरीका जनतालाई नेकपा एमालेकी सांसद भगबती चौधरीले न्यानो कपडा वितरण गरेकी छन् । गृहजिल्लामा जनतासँग साक्षात्कार गर्दै चौधरीले आफ्नो क्षेत्रका गरिब, विपन्न, असहाय, दलित मुसहर समुदायका नागरिकलाई शितलहरबाट बचाउन न्यानो कपडा वितरण गरेकी हुन् । सांसद चौधरीले शुक्रबार बर्जु वडा नं. ४ का गरिब, विपन्न तथा असहाय नागरिकलाई शितलहरबाट बचाउन ब्ल्याङ्केट, म्याट्रेसजस्ता सामाग्री वितरण गरेकी हुन् । नेकपा एमाले बर्जु वडा नं. ४ को भेला समेत रहेको कार्यक्रममा बोल्दै चौधरीले समाज रुपान्तरण र समाजमा ब्याप्त गरिबी, असमानता र विभेद गर्ने एक मात्र पार्टी नेकपा एमाले भएको बताउँदै तराईका जनता शितलहरबाट आक्रान्त भइरहँदा राज्यले नदेख्नु दुर्भाग्य भएको बताइन् ।

सुनसरी क्षेत्र नं. ३ को विकासमा आफु सदैव लागि पर्ने बताउँदै बर्जु, गढी गाउँपालिकाका भूमिहिन, गरिब विपन्न नागरिकका जनतालाई आवास निर्माणमा आफुले पहल गरिरहेको पनि बताइन् । केही समय अगाडी सो क्षेत्रका भूमिहिन नागरिकलाई घर बनाईदिन चुची फाउण्डेशनले स्थलगत अध्ययन गरेकोमा बर्जु र गढी गाउँपालिकासँग आवश्यक समन्वय भइरहेको समेत चौधरीले बताइन् ।

सो क्रममा सांसद चौधरीले आफ्नो क्षेत्रमा भइरहेका विकास निर्माणका कार्यहरुको नियमन, अनुगमन गरेको जनाउँदै स्थानीय सरकार, प्रादेशिक सरकार र केन्द्र सरकारबाट प्राप्त योजना र विकास निर्माणका कार्यहरुमा भए गरेका कार्य प्रगतिको आफुले अनुगमन र मुल्यांकन गरिरहेको पनि जनाइन् । साथै, उनले उक्त योजना र विकास निर्माणका कार्यहरूमा कुनैपनि ढिलाइ हुन नहुने जिकीर गरिन् ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# राष्ट्रिय...

आवश्यकता अनुसार यसको आआफ्नो राजनीतिक स्वार्थको निमित्त उपयोग गर्दै आए । २०५२ सालदेखिको जनयुद्धमा त ईतिहासमा कहिलै नभएको स्तरमा अधिकतम उपयोग भयो । नेपालमा तत्कालिन नेकपा माओबादीको नेत्रित्वमा भएको १० बर्षे जनयुद्ध वास्तवमै जनताको विद्रोह थियो जस मार्फत हिमाल, पहाड र मधेशका संपूर्ण उत्पीडित राज्यविहिन राष्ट्रका जनताहरुकोराजनीतिक स्वतन्त्रता प्राप्त गर्ने आकंक्षा प्रश्फुटित भएको थिए । तथापी जनयुद्ध एउटा कम्यूनिष्ट पार्टीको आह्वानमा भएको थिए तर जनयुद्ध मार्फत भने उत्पीडित जाति–वर्गको ऐतिहासिक पीडाहरु विद्रोह मार्फत अभिव्यक्त भए । यो फगत मार्क्सबादी मान्यताको आधारमा मात्र भएन बरु अन्य सबाल्टर्नहरु पनि उत्तिकै उत्साहका साथ विद्रोहमा सामेल भए । वृहत शान्ती संभौता पश्चातको राजनीतिक बिकासक्रममा भने विश्वका अन्यत्र भए जस्तै कम्यूनिष्ट पार्टीको नेत्रित्वहरुले जनताको मुद्दाहरु एकपछी अर्को गरि पन्छाउँदै लगे । अन्तत: नेपालको पहिलो ऐतिहासिक संविधान सभा बिना संविधान जारी विगठन भयो र दोश्रो संविधान सभा भने एक थान प्रतिगामी संविधान जारी गर्दै व्यवस्थापिका संसदमा रुपान्तरण भयो । नेपालमा पून: एक पटक जनताको मुद्दाहरु संबोधन बिना नै बेवारिश भए जबदेखी जनयुद्धको शक्तिले यसलाई छोड्दै गए । यसर्थ फेरी पनि नेपालमा अर्को राजनीतिक विद्रोहको गुन्जायस जिवितै रह्यो जुन विद्रोहलाई पार्टीको दस्तावेजमा "बहुलराष्ट्रिय विद्रोह" भनेको छ । त्यसपश्चात मात्र नेपालमा राजनीतिक अन्तर्विरोध समाप्त भई अन्य सबालहरु प्रधान हुने छ । यसर्थ अबको सहमती उदार लोक्तान्त्रिक शक्ती र नयाँ जनबादी कम्यूनिष्ट शक्तीहरु विचमात्र भएर हुँदैन बरु यहाँको तेस्रो धार र मूलधारको शक्ती स्व-देशबादी शक्तीसँग पनि हुन जरुरी छ ।

तत्कालिन नेकपा (माओबादी) ले यही विज्ञान प्रयोग गरी नेपालमा २०४७ को परिवर्तन पश्चात निर्माण भएको नेपाली कांग्रेस नियन्त्रित र नेकपा (एमाले) समर्थित उपरीसंरचना विरुद्ध आधारसंरचनामा उत्पिडनमा परेका मधेशी, महिला, दलित, आदिबासी जनजाति लगाएत अन्य पक्षको जायज विरोधलाई कार्यनितिक रुपमा उपयोग गरी उनिहरुकै भाषामा भनिएका पुरानो सत्तालाई बदल्दै हाल आफै उपरीसंरचनाको मूल केन्द्र बन्न सफल भयो । तर जसै उनिहरुले त्यो राजनितिक हैसिएत प्राप्त गरे तब उनिहरुले हिजो उठाएको मुद्दाहरु क्रमैसंग छोड्दै गए । यो कम्यूनिष्ट पार्टीहरुको पुरानै प्रवृत्ती हो । हालको नेकपा (माओबादी केन्द्र) को वर्ग उत्थान र रुपान्तरण पश्चात अब आधार संरचनामा नयाँ शक्ती केन्द्रिकृत हुँदैछ । विभाजित भई पुन:गठन भएको नेकपा (विप्लव) त्यो नयाँ शक्तिको केन्द्रविन्दु बन्ने प्रयत्नमा छन । अब सबाल उठ्छ के नेकपाले त्यो हैसिएत लिन सक्छ? वा के अब कुनै कम्यूनिष्ट पार्टीले त्यो हैसियत लिन सक्छ? यदी सक्दैन भने कुन शक्तिले आधार संरचनाको शक्तिको केन्द्रविन्दु लिन्छ? यस बिषयमा गम्भिर भई चिन्तन मनन गर्दै कार्य गरौं ।

हाल विश्वभरी नै ईण्डिजिनिष्टहरु त्यस्तो तेस्रो शक्तीको रुपमा उदाउंदो छ । स्वदेशवाद सशक्त रुपमा विश्वभरी उठिरहेको वर्तमान परिस्थितीमा हिजोका प्रभावी दर्शनहरू (मार्क्सबाद र उदारबाद) सँग यसको कस्तो संम्बन्ध रहन्छ भन्ने सबाल नै आजको विश्व राजनीतिको महत्वपूर्ण बिषय हो । अझ पछील्लो समय बिकास भएको नवमार्क्सबाद र नवउदारबादसंगको अन्तरसंवाद वा अन्तरसंघर्षले आगामी विश्व राजनीतिलाई पूरै प्रभाव पार्ने छ । हामीलाई थाहा नै छ कि नेपालको वर्तमानको राजनितिमा ईण्डीजिनिष्टहरुको बढ्दो शक्तिले परम्परागत अर्थराजनितिको कुरा गर्ने लिबरल क्यपिटलिष्ट पार्टीहरु र मार्क्सबाद, लेनिनबाद, माओबाद (मालेमा) लाई निर्देशक सिद्धान्त मान्ने कम्यूनिष्ट पार्टीहरु आ-आफ्ना वैचारिक निष्ठालाई चटक्कै विर्सदै हिजोकै पहाडिय गोर्खाली साम्प्रदायिक्त तर्फ झुकाउ राख्न थालेका छन । यस प्रसंगमा संबिधान जारि पश्चात नेकपा (एमाले) र नेपाली कांग्रेसले स्पष्टै रुपमा उदाउंदो ईण्डीजिनिष्ट शक्तीसंग लड्ने तयारी नै गरिरहेको देखिन्छ भने माओवादी पार्टीहरु भने अझै ताक परे तिबारी नत्र गोतामेको निती लिईरहेको देखिन्छ ।

यसविच विश्व राजनितिक वहस नयाँ विश्व प्रणाली निर्माणको केन्द्रिय बिषयमा हुन शुरु भएको छ । क्यापिटलिष्ट र कम्युनिष्टहरुले दाबी गरे जसरी लोकतन्त्र वा जनबादको अभ्यासका निमित्त राष्ट्र-राज्यहरुको अपरिहार्यता अब रहेन किनकी राष्ट्र-राज्यहरुले उपयोग गरी आएका सार्वभौमसत्ता बिभाजित हुन पुग्यो जसको निमित्त विश्वका राष्ट्र-राज्यहरुहरू भित्र समाहित भएका ऐतिहासिक राष्ट्रियताहरुको राजिनितिक पून:उदयले ठुलो भूमिका खेल्यो । प्रो. कन्चन चन्द्रले भने जस्तै यदी अब लोकतन्त्रले पून:उदय भएका ऐतिहासिक राष्ट्रियताहरुको सार्वभौमसत्ताको सम्मान गर्दैन भने त्यो लोकतन्त्र र जसमार्फत सार्वभौमसत्ता उपयोग गरिरहेका राष्ट्र-राज्यहरुले दिगोपन प्राप्त गर्न सक्दैन । नेपालको २००७, २०४७, र २०६२-६३ सालको आन्दोलनहरु पश्चात पनि यहाँका ऐतिहासिक राष्ट्रियताहरुको सार्वभौमसत्तालाई सम्मान हुनेसम्मको जनबादी वा लोक्तान्त्रिक क्रान्ति भएको मान्न सकिन्न जबसम्म प्रो. माइकल किटिङले दाबी गरे जस्तै लोकतन्त्र पूर्णरुपेण बहुलराष्ट्रिय लोकतन्त्रको रुपमा स्थापित हुन्न । वर्तमान "राष्ट्रिय मुक्ती क्रान्ति" जसको मूल जग हुने छ "बहुलराष्ट्रिय विद्रोह" यसको मुख्य लक्ष नेपाललाई राज्य संचालन अर्थात शासनकलाको नयाँ प्रणाली बिकास गराउँदै नयाँ युगमा प्रवेष गराउने हो । २००७ सालको जनक्रान्तिद्वारा कठोर सामन्ती धार्मिक शासन व्यवस्थाको अन्त्य भएबाट नेपाली समाज परम्परागत संरचनाबाट आधुनिक्त तर्फ फड्को मार्न थालेको करिब सात दशक भन्दा बढी भईसकेको छ । यस बेला अबको राज्य सिद्धान्त वा राज्यको आदर्श के हुने भन्ने प्रमुख सबाल खडा भएको छ । नेपालको सामन्तबादको जग धार्मिक आदर्शबाद नै थियो तथापी यो सर्वस्विकृत भने थिएन । किनकी यहाँका स्व-देशी जनताहरुको आ-आफ्नै मौलिक प्रकृतिवादी विश्वदृष्टिकोणको आधारमा राज्य आदर्श निर्माण गरिसकेका थियो । केन्द्रिय सत्ताले त्यस्तो प्रतिपक्ष विश्वदृष्टिकोण समाप्त पार्न गोर्खाली नृजातिय राष्ट्रबादको जिहाद छेडेका थिए । मुलत: वि. सं. १९१० सालमा जारी गरिएका मूलुकी ऐनले वर्णाश्रम धर्म विधानलाई राज्य धर्मको रुपमा स्थापित गऱ्यो । यो विधान आदर्शबादी ब्राह्मणबादको दर्शनिक धरातलमा आधारित थिए । यस्तो राज्यको संपूर्ण विशिष्टताहरु नबुझिकन हामीले प्राप्त गर्न चाहेका परिवर्तन कस्तो हुने भन्ने कुराको टुंगो लगाउन गाह्रो हुन्छ । विश्व राष्ट्रिय मुक्ती आन्दोलनको ईतिहासको सही विश्लेशण बिना हामीले वर्तमानको हाम्रो राष्ट्रिय मुक्ती क्रान्तिको कार्यादिशा तय गर्न सक्दैनौं । वर्तमान राष्ट्रिय मुक्ती आन्दोलनको सबालमा देखा परिरहेका समस्याहरुको हामी सही विश्लेशण गर्न असमर्थ भई नयाँ संश्लेशण पनि ठीक ढंगले गर्न असमर्थ हुन्छौं । हामीले वर्तमान राजनीतिक शक्तीहरुमा रहेको लघुताभास र पराधिनताको समस्यालाई पनि यही परिवेशमा खोजिनु पर्दछ ।

मित्रहरु,

यस सबालमा धेरै ठुलो बहसको माग गर्दछ तथापी यहाँ राष्ट्रिय मुक्ती आन्दोलन कमजोर हुनुको एउटा तर प्रमुख कारक पक्षको भने चर्चा गर्नेछौं । यस प्रसंगमा प्राध्यापक श्यामुयल पी हन्टिङ्टनको भनाइलाई पुन: हेरौं, "अबको नयाँ विश्वमा स्थानिय राजनीति जातिय राजनिती हुनेछ भने विश्व राजनीति सभ्यताहरुको राजनीति हुनेछ । माहशक्तिहरु विचको दुश्मनी सभ्यताहरु विचको द्वन्द्वले प्रतिस्ठापित गर्नेछ ।" उनको दावी अनुसार अब विश्व बहुध्रुविय शक्ती संघर्षमा प्रवेश भईसकेका छन । यसले दक्षिण एसिया लगाएत विश्वका अन्य महाद्विपहरुमा पनि शक्ती संतुलन फेरबदल गरायो । यस्तो फेरबदल राज्यहरुविचको संबन्धमामात्र नभै राज्यहरुभित्र रहेको राष्ट्रहरु (जातिहरु) विचकोसंबन्धहरुलाई पनि धेरै परिवर्तन गरी दियो । परिणामस्वरुप राष्ट्रिय मुक्तिको सबालमा राज्यहरुभित्रको आन्तरिक राष्ट्रबादको सबाल प्रखर राजिनिक मुद्दाको रुपमा बिकास भयो । यस परिप्रेक्षमा राज्यहरुभित्र औसत रुपमा एकलराष्ट्रिय राज्य ब्यवस्था निर्माण गरी हालिमुहाली गरी आएका विशेष जात वा वर्णका शासकहरुको कथित प्रजातन्त्र तथा प्रजातान्त्रिक भनिएका प्रणालीहरु निश्काम प्राय: भयो । उनिहरुद्वारा खडा गरिएका कथित उदार लोक्तान्त्रिक पद्दतिहरु काम गर्न नसक्ने हुंदै आए । परिणामत: राज्यको बाह्य राष्ट्रबादलाई मजबुत पार्न प्रथमत: आन्तरिक राष्ट्रियताको सबाल हल हुन जरुरी भयो ।

यही पृष्टभुमिमा भएको नेपालको राष्ट्रिय मुक्ती आन्दोलन हाल एउटा दुविधामा फसेको छ । यहाँका एकल वर्णिय दबदबा बनाइ शासन गरी आएका एकलवर्ण विशेषका शासक वर्ग आन्तरिक राष्ट्रियताको सबालमा ऐतिहासिक राष्ट्रियताहरुलाई नयाँ राजनीतिक ईकाईको रुपमा पुन:उदय गराउने सबालमा पुरै अनुदार मात्र नभै पुरै प्रतिक्रान्तिकारी कित्तामा उभिएको अवस्थामा उनिहरु आफ्नो राजनीतिक वर्चश्व कायमै राख्न बाह्य शक्तीहरूलाई पनि आफ्नो स्वार्थ अनुकुल उपयोग गर्दै आएका छन । राष्ट्रियता वा देशभक्तीको सवालले वर्तमान भुमण्डलीकरण युगमा ठुलो राजनीतिक महत्व राख्दछ । यो भू-राजनिती तथा अन्तरराष्ट्रिय सम्वन्धको अध्ययनका प्रमुख बिषय भएको छ । यस सवालमा नेपाली शासक सम्भ्रान्तहरु हिजोको शाह-राणा राजा महाराजादेखी उदार-दक्षिणपन्थी काँग्रेस र बामपन्थी कम्युनिष्टहरुको अवसरवादी, ढोंगी र ढुलमुले चरित्रले देशलाई धेरै ठुलो नोक्सानी पुऱ्याएको छ । नेपाली कम्युनिष्टहरुको राजनीतिक दुस्साहसवाद र लापरवाही विदेशनितीले देशको उन्नती, बिकास र समग्रमा सार्वभौमसत्ता मै संकट आइपरेको छ । विशेषत: दुई कम्युनिष्ट पार्टीहरु नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) विच ऐकिकरण पश्चात निर्माण भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र त्यसको डि-फ्याक्टो नेत्रित्व दावी गरेको पुष्पकमल दाहाल "प्रचन्ड"को आत्माकेन्द्रित तथा लहडको भरमा नेपालको राजनीतिक अवस्थितीलाई ऐतिहासिक लोक्तान्त्रिक कित्ताबाट हठात कम्युनिष्ट कित्तामा लैजाने दुस्साहस र त्यस निमित्त रचिएको आधारहिन प्रोपगाण्ड साह्रै घातक सिद्ध भएको छ ।

१२ बुँदे दिल्ली सम्झौता र ततपश्चातको शान्ति सम्झौता मार्फत बहुदलिय प्रतिष्पर्धात्मक राजनीतिमा अवतरित भएको तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र त्यसको नेता पुष्पकमल दाहाल "प्रचन्ड"ले देशी-विदेशी मित्र तथा सुभेच्क्षुक शक्तीहरुसँग छलकपट गर्दै ति लोक्तान्त्रिक शक्तीहरुको नेपालमा दिर्घकालिन शान्ति स्थापना गर्ने सुभेच्क्षा, सदभाव र सहयोगको गलत उपयोग गर्दै आफ्नो अधिनायकवादी कम्युनिष्ट सत्ता स्थापना गर्ने गोप्य योजना मुताविक देशभित्र र बाहिर राजनीतिक दुस्साहसीपूर्ण कृयाकलाप गर्दै आयो । विश्वका कम्युनिष्ट शक्तीहरुको असफल रणनिती र कार्यनितीलाई नेपालमा प्रयोग गर्ने दुस्साहस प्रदर्शन गरेको हुँदा अन्तत: तत्कालिन नेकपा (माओवादी) पार्टी तथा नेताहरु भित्र ठुलो लोक्तान्त्रिक विचलन र अविश्वास पैदा भयो । परिणामत: त्यो पार्टी विभिन्न स्वार्थी गुट-उपगुटमा विभाजित हुँदै समाप्त हुने अवस्थामा पुग्यो ।

यसर्थ अबको बाटो भनेको हामी उत्पीडित जाति-वर्गका राष्ट्रिय मुक्ती क्रान्तिका अग्रदस्त योद्दाहरु नै समग्र रुपमा बाह्य राष्ट्रियताको मुद्दालाई पनि हल गर्ने ढंगले अघी बढ्नु बान्छनिय भएको छ । यसरी अब हामी यहाँका उत्पीडित जाति-वर्गका जनताहरूले मुलुकको विद्यमान संपुर्ण अन्तरविरोधहरूको हल गर्ने सबालमा नेतृत्वदायी पहलकदमी लिने बेला आएको छ जसको निमित्त हामीले अब कुनै उदार-दक्षिणपन्थी कँग्रेस वा वामपन्थी कम्युनिष्ट शक्तिहरूमा भर पर्नु हुँदैन बरू हामी ईन्डीजिनिष्टहरू आफ्नै दल निर्माण गरि अघि बढ्नु पर्छ ।

नेपालको सबालमा उत्पीडित जाति-वर्गको जनताको आफ्नै पार्टी निर्माण गर्ने प्रयत्न २०४७ सालबाटै शुरु भएको हो । शुरुवातमा हिमाल, पहाड र मधेशमा वसोवास गर्ने मुख्यरुपले आदिवासी जनजाति पहिचान बोक्ने जनताहरुलाई केन्द्रित गर्दै नेपाल जनजाती पार्टी र राष्ट्रिय जनमुक्ती मोर्चा नामक २ संगठनहरु अस्तित्वमा आए र यि दुबै संगठनहरुको एकिकरण पश्चात राष्ट्रिय जनमुक्ती पार्टी स्थापना भयो । त्यसरी नै सिंगो मधेशका मधेशी र थारु जनताहरुलाई केन्द्रित गर्दै नेपाल सद्भावना पार्टी स्थापना भयो । त्यसबेला क्रान्तिको चार तयारीको आवश्यकता महशुस नै गरिएन र मुलत: वैचारिक तयारीको भने ठुलो अभाव रह्यो र यसको अभावमा नेत्रित्व तथा कार्यकर्ताहरु माझ उच्च सचेततत्वको बिकास भएका नेत्रित्वपंत्तीको बिकास हुन नसकी जनताको स्वत:स्फुर्त प्रयत्नहरुबाट मात्र शक्तिको बिकास हुन सकेन । हाल देखापरिरहेका घट्ना परिघट्नाहरुको विश्लेशण गर्दा २०४०-५० को दशकमा भन्दा केही सुधार भएको देखिएता पनि वर्तमानको चुनौतिहरु सामना गर्न आवश्यक पर्ने राजनीतिक शक्ती निर्माण गर्न अपनाउनु पर्ने होसियारी र तयारी नपुगेको स्पश्टै छ । परिणामत: जनताले कुनैपनि नयाँ शक्तिहरुलाई पत्याई हालेको अवस्था नहुँदा ब्रेगेल्ती पार्टी खोल्न निर्वाचन आयोगको ढोका चाहर्नेको संख्यामा कुनै कमी आएको छैन । यसर्थ यही नै हालको निमित्त राष्ट्रिय मुक्ती आन्दोलनको मुख्य कार्यनितिक चुनौती हो ।

६. उत्पीडित जाति वा राष्ट्रको पक्षमा लड्ने पार्टीको विचार, नेत्रित्व, योजना कस्तो हुने ।

उत्पीडित जाति वा राष्ट्रको पक्षमा लड्ने पार्टीको विचार, नेत्रित्व, योजना निर्माण गर्ने सवालमा प्रमुख तीन बिषयहरुमा गम्भिर ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

*क्रमश:...*

## संक्षिप्त समाचार

### मधेश सरकारबाट जनमतद्वारा समर्थन फिर्ता

जनकपुरधाम । डा.सीके राउत नेतृत्वको जनमत पार्टीले मधेश सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिएको छ । मधेशका शिक्षा तथा संस्कृति मन्त्री महेशप्रसाद यादव र श्रम तथा यातायातमन्त्री चन्दन सिंहले मंगलबार राजीनामा दिएका हुन् । मंगलबार जनमतको मधेश संसदीय दलको बैठकले सरकारबाट बाहिरिने र समर्थन फिर्ता लिने निर्णय गरेको जनमत पार्टीका प्रवक्ता डा.शरदसिंह यादवले जनाएका छन् ।

### जसपाको झापा जिल्ला समिति पुनर्गठन

झापा । जनता समाजवादी पार्टी (जसपा) नेपालको झापा जिल्ला समिति पुनर्गठन भएको छ । शनिबार बिर्तामोडमा आयोजित भेलाले दिपेनबाला राईको अध्यक्षतामा २९ सदस्यीय समिति पुनर्गठन गरेको हो । समितिको उपाध्यक्षमा सन्तोष गणेश, बुद्धिमान खोयाङ लिम्बु सचिवमा रोम घिमीरे, उपसचिव चिजा राई, धर्म गुरागाई र कोषाध्यक्षमा ज्ञानेन्द्र कुरुङबाङ् लिम्बु चयन भएका छन् । कार्यक्रममा पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य परशुराम बस्नेत राजनीतिक समिति सदस्यहरु जयराम यादव, निर्मला तावालगायत उपस्थित थिए ।

### गाउँपालिका अध्यक्षमाथि आक्रमण

जनकपुरधाम । धनुषाको मुखियापट्टी मुसहरनियाँ गाउँपालिका अध्यक्ष जयकुमार यादवमाथि भौतिक आक्रमण भएको छ । जनकपुरधाम प्रादेशिक अस्पतालमा उपचाररत स्थानीयको स्वास्थ्य अवस्था बुझी आफ्नो निवास फर्कने क्रममा करिब १२:४५ बजे सात आठजनाको संख्यामा आएको अज्ञात समुहले यादवमाथि आक्रमण गरेको थियो । सो घटनाको बिरोध गर्दै मुखियापट्टी मुसहरनियाँ गाउँपालिका, जसपाको धनुषा जिल्ला समितिलगायतले विज्ञप्ति निकाल्दै दोषीमाथि कारबाहीको माग गरेका छन् ।

### करिब ८० किलो गाँजासहित दुई जना पक्राउ

सुनसरी । देवानगंज गाउँपालिका-६ नहरचोकबाट अवैध लागूऔषध गाँजा करिब ८० किलोसहित २ जनालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धरान उपमहानगरपालिका-११ बस्ने २९ वर्षीय कुमार तामाङ र ३० वर्षीय राम बहादुर राई रहेका छन् । अस्थायी प्रहरी चौकी रासीबाट खटिएको प्रहरीले रासिबाट भारततर्फ जाँदै गरेको को.१ ह ५०९९ नम्बरको अटोलाई जाँच गर्ने क्रममा अटोको विभिन्न भागमा लुकाई राखेको उक्त परिमाणको गाँजा फेला पारी चालक कुमार र अटोमा सवार राम बहादुरलाई पक्राउ गरेको हो ।

### मिनिबस र ट्रक एकआपसमा ठोक्किादा सहचालकको मृत्यु

बाँके । कोहलपुर नगरपालिका-१४ पार्बतीपुरस्थित सडकमा भे.१ ख ४०३३ नम्बरको मिनिबस र ना.५ ख ८५६६ नम्बरको ट्रक एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । बिहीबार बिहान दुर्घटना हुँदा ट्रकका सहचालक रूपन्देही देवदह नगरपालिका-६ खैरेनी बस्ने ३५ वर्षीय राम कृष्ण गोतामेको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिई हाल फरार मिनिबस चालकको खोजी गरिरहेको छ ।

### आगलागीबाट 40 लाखको क्षति

रूपन्देही । बुटवल उपमहानगरपालिका-६ पुरानो बसपार्क पिपलबोटस्थित सोही उपमहानगरपालिका-५ अमरपथ बस्ने राम जैसवालको जानकी गार्मेन्ट सप्लायर्समा आगलागी भएको छ । गएराति आगलागी हुँदा सिलाई मेसिन २० थान, रेडिमेट कपडा, काचो कपडा गरी करिब ४० लाख रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको हो । प्रहरीले स्थानीय बासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट

सिरहा । सिरहा नगरपालिका-३ रमौलस्थित अशोक कुमार मण्डलको गोठमा विद्युत सर्ट भई आगलागी भएको छ । बुधबार बिहान आगलागी हुँदा गोठ पूर्ण रूपमा जलेर ६ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको हो । प्रहरीले स्थानीय वासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### फरार प्रतिवादी पक्राउ

मोरङ । कर्तव्य ज्यान कसूरका फरार प्रतिवादी संखुवासभा साविक सिद्धकाली गाविस-२ बस्ने ३५ वर्षीया कैली तामाङलाई बुधबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत संखुवासभाको २०६६ फागुन १२ गतेको फैसलाले कर्तव्य ज्यान कसूरमा २० वर्ष कैद सजाय ठहर भई फरार रहेकी उनलाई ईलाका प्रहरी कार्यालय केराबारीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय संखुवासभामा बुझाइएको छ ।

### ८ किलो गाजासहित दुई जना पक्राउ

सप्तरी । कञ्चनरुप नगरपालिका-७ आदर्श टोलबाट अवैध लागूऔषध गाँजा ८ किलोसहित तिलाठी कोईलाडी गाउँपालिका-६ बस्ने ३१ वर्षीय सचिन यादव समेत २ जनालाई बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी धरमपुरबाट खटिएको प्रहरीले को.२५ प ७०२४ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश





# मधेश सरकारले जंगलराजको अभ्यास गर्दैछ : प्रभु साह

राजविराज । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले मधेशी नेताहरुको गदारीले मधेश आज उजाड भएको बताएका छन् ।

आजपा सप्तरी जिल्ला कमिटीले राजविराजमा आयोजना गरेको बैंकिंग तथा वित्तीय संस्थाको ठगी तथा लुटको विरुद्ध अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले बाहिर पहाडिया जनता प्रति घृणा देखाउने र भित्र पहाड़िया नेताको चाकड़ी गर्ने मधेसी नेताहरुको गदारीका कारण मधेस उजाड बन्दै गएको टिप्पणी गरेका हुन् ।




मधेशी दलका केही स्वार्थी नेताहरुले व्यक्तिगत लाभका लागि सामाजिक सम्बन्धलाई अस्वस्थ बनाएको बताउँदै उनले पहाडी शासकहरुसंग मिलेर मधेशको उधोग व्यापारको आधार र स्रोतलाई समेत ध्वस्त बनाएको बताए ।

मधेश सरकारले जंगलराजको अभ्यास गरिरहेको आरोप लगाउँदै साहले सेवा दिने संस्थाहरु शिक्षा र स्वास्थ्य समेतलाई व्यापार बनाएको बताए । मधेशको पुर्वाधार एवं सम्पदाहलाई दोहन गर्ने काम भईरहेको उनले बताए । अध्यक्ष साहले मधेश सरकार भ्रष्टाचारमा डुबेको बताउँदै विकास आयोजनादेखि हरेक काम कारबाहीमा मधेस सरकार भ्रष्टाचारको हिस्सा बनिरहेको आरोप लगाए ।

उनले बजेटको दुरुपयोग भइरहेकोप्रति सरकारका साथै मधेसमा सक्रिय दलहरुसमेत मौन बस्नुले गम्भीर प्रश्न उत्पन्न भएको बताए । साहले कन्सल्टेंटको नाम राखेर बजेट बनाउने काम भइरहेको भन्दै कतिपय स्थानमा बजेट पठाउँदा व्यक्तिको नाम तोकेर बजेट पठाउने गरेको भन्दै आपत्ति जनाए ।

व्यक्तिगत लाभको लागि कर्मचारीलाई कूटने, डराउने र निरीह बनाउने कार्य समेत मधेस सरकारले गरिरहेको भन्दै स्वार्थ केन्द्रित कानून नियम बनाउने कामको उनले विरोध समेत गरे । उनले कमिशन लिएर अनुदान दिने, बजेटको खुलेआम बिक्री वितरण गर्ने र नस्ल र जातको आधारमा पक्षपात गर्ने काम भइरहेको भन्दै आलोचना गरे ।

अध्यक्ष साहले अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै बैंकहरुको लुटधन्दा विरुद्धको आन्दोलन कडा हुने बताए । बैंकहरुले लिने मनोमानी व्याज फिर्ता गर्नुपर्ने बताउँदै सर्वसधारणलाई ठग्ने ठगहरुलाई नछोड्ने चेतावनी दिए ।

बैंकहरुले मनोमानी लिइरहेको व्याज फिर्ता गर्नुपर्ने, लघुवित तथा सहकारीबाट लिएको कर्जा फिर्ता हुनुपर्ने र सर्वसधारण नागरिकले सहजरुपमा कर्जा नपाएसम्म आन्दोलनका बिभिन्न कार्यक्रम जारी रहने चेतावनी साहले दिए ।

आजपा मधेश प्रदेश कमिटी र बैंक तथा वितिय पीडित संघर्ष समितिले ११ माघमा मधेस बन्दको गर्ने घोषणा गरेको छ । 'बैंकले लिइरहेको मनोमानी ब्याज फिर्ता गर्नुपर्ने, लघुबित्त तथा सहकारीबाट लिएको कर्जा माफी गर्नुपर्ने, आम जनतालाई सहज कर्जा उपलब्ध गराउनु पर्ने' लगायतका माग गर्दै आजपाले ११ माघमा मधेश बन्द गर्ने घोषणा गरेको हो ।

कार्यक्रमको अध्यक्षता सुनिलराज दास र सञ्चालन आईटी आर्मीका उपाध्यक्ष दिलिप साहले गरेको आजपा प्रवक्ता चन्द्रभुषण साहले बताए ।

# राष्ट्रपतिलाई ११बुँदे प्रस्ताव



**सम्माननीय राष्ट्रपतिज्यू,**
**शितलनिवास, काठमाडौं ।**

महामहिम राष्ट्रपतिज्यू म स्वयम्ले प्रदेश प्रमुखको रुपमा देशको सेवा गर्ने अवसर पाएको बेलामा मैले आफूले महसुस गरेका केही कुराहरू महामहिमद्वारा गर्न सकिने र सो कार्य गर्दा जनताको मनमष्तिस्कमा राष्ट्रपतीय पदको गरिमाको उच्च सम्मान हुने हुँदा केही तपशीलका बुँदाहरु लेखि सुझावका लागि महामहिम समक्ष निवेदन गरेको छु ।

**तपशील**

- त्रैमासिक रूपमा सातवटै प्रदेश प्रमुखसँग सामूहिक र नियमित भेटघाट भइराख्नुपर्ने ।
- प्रदेशको अवस्था, जनताको चाहना, गणतन्त्रको अनुभूति, सीमाको सुरक्षा, संघसंस्थाहरूको भूमिका र प्रदेश सरकारको भूमिकाबारे द्वैमासिक प्रतिवेदन नियमितरूपमा हरेक प्रदेश प्रमुखले सम्माननीय राष्ट्रपतिज्यूलाई बुझाउनुपर्ने ।
- राष्ट्रपति कार्यालयद्वारा हुने सभा समारोहहरूमा पूर्वप्रदेश प्रमुख र क्षेत्रगतरूपमा प्रदेश प्रमुखहरूको उपस्थितिलाई ध्यानमा राख्नुपर्ने ।
- राष्ट्रपति कार्यालयद्वारा हुने सभा समारोहहरूमा मधेशी, आदिवासी जनजाति लगायतको सहभागिता न्यून रहँदै आएकोले समावेशिताको अनुभूति हुने वातावरण बनाइनुपर्ने ।
- सम्माननीय राष्ट्रपतिज्यूले सामूहिक वा व्यक्तिगतरूपमा पूर्वप्रदेश प्रमुखहरूसँग छलफल गर्नुपर्ने ।
- राजनीतिबाहेकका क्षेत्र कला, संस्कृति, खेलकुद, साहित्य, शिक्षा, स्वास्थ्य लगायत नागरिकको मनोबल उच्च हुने क्षेत्रहरूमा प्रदेश प्रमुखको काम कर्तव्यबारे छलफलहरू गराइनुपर्ने ।
- राष्ट्रपति, उपराष्ट्रपति र सातवटै प्रदेश प्रमुखज्यूहरूले प्रयोगमा राख्नुभएको स्वकीय सचिवालयहरूको विषयमा गम्भीरतापूर्वक सोच्नुपर्ने ।
- राष्ट्रपति, उपराष्ट्रपति र सातवटै प्रदेश प्रमुख यी नौ वटा पद गैरदलीय र साझा हुने भएकोले स्वकीय सचिव राख्नुभन्दा राज्यकै अंगमाथि विश्वास गरेर अघि बढ्नुपर्ने ।
- महामहिम राष्ट्रपतिज्यूले सातवटै प्रदेशमा कार्यक्रम बनाई 'नागरिकसँग राष्ट्रपति' कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- राष्ट्रपति कार्यालयको अगुवाईमा 'देश दर्शन कार्यक्रम' सञ्चालन हुनुपर्ने र हरेक प्रदेश प्रमुखको कार्यालयमा 'देश दर्शन केन्द्र' खोलिनुपर्ने ।
- सातवटै प्रदेशमा राष्ट्रपतिज्यूले आवासीय भ्रमण गर्नुपर्ने ।

**डा.राजेश अहिराज**
निवर्तमान प्रदेश प्रमुख, मधेश प्रदेश

# श्रमिक र उद्योगको समस्या बुझ्न सांसद चौधरी औद्योगिक क्षेत्रमा

सुनसरी । सांसद भगबती चौधरीले सुनसरी-मोरङ औद्योगिक क्षेत्रमा रहेको अरिहन्त जुट मिलमा कार्यरत श्रमिकहरुको समस्या बुझ्न गएकी छन् । गृह जिल्लामा रहेकी चौधरीले बुधबार श्रमिकका समस्या र मिल प्रशासनले दिइरहेको सुविधा बारे श्रमिक र मिल प्रशासनसँग छलफल गरेकी हुन् ।



मिल प्रशासन र त्यहाँ कार्यरत श्रमिकसँगको छुट्टाछुट्टै छलफलमा सांसद चौधरीले श्रमिक र मिल दुवैको पक्षमा हित हुने गरी अगाडी बढ्न सुझाइन् । श्रमिक विना कुनैपनि उद्योग व्यवसाय चल्न नसक्ने तथा उद्योग व्यवसाय विना मुलुकमा रोजगारी सृजना नहुने भएकोले दुवैपक्षको जीत हुनेगरी अगाडी बढ्नु पर्नेमा चौधरीको जोड छ । श्रमिकहरुको उचित पारिश्रमिक, सेवा सुविधाहरु समयमै प्रदान गर्न उद्योग प्रशासन जिम्मेवार हुनुपर्ने तथा उनीहरुलाई एकै परिवारको सदस्यको जस्तो व्यवहार गर्नुपर्नेमा चौधरीले मिल प्रशासन समक्ष कुरा राख्दै नेपालका उद्योग व्यवसाय फस्टाउनु पर्छ भन्ने मान्यता आफुले लिएको बताइन् । 'उद्योग व्यवसाय फस्टाउनु पर्छ, विस्तार हुनुपर्छ भन्ने मेरो मान्यता हो । त्यसो भन्दैमा जसको मेहनतले उद्योग चलिरहेको छ त्यो पक्ष श्रमिकलाई अनदेखा गरी उद्योग मात्र अगाडी बढ्नु हुँदैन । उसका हरेक समस्याहरुलाई उद्योगले संवोधन गर्नुपर्छ ।' पूर्वमन्त्री समेत रहेकी चौधरीले भनिन् ।

उद्योगमा कार्यरत श्रमिकहरुसँग उनीहरुले पाइरहेका सेवा सुविधा तथा समस्याहरु उनीहरु काम गरिरहेकै स्थलमा पुगेर जानकारी लिँदै चौधरीले श्रमिकहरुका जायज मागमा आफु सदैव रहने बताइन् । सोक्रममा त्यहाँ कार्यरत श्रमिकहरुले उद्योग भित्रका समस्याहरु दर्शाउँदै स्थायी नियुक्ति, बीमा, पेन्सन लगायतका समस्याहरु समाधानमा सहजीकरण गरिदिन अनुरोध गरेका थिए ।

मिलका प्रमुख कार्यकारी अधिकृत गोबिन्द बजगाईंले नेपालमा कच्चापदार्थको अभाव रहेकोले बंगलादेशबाट कच्चा पदार्थको आयात गर्दा लागत बढी रहेको बताउँदै सरकारले स्देशमै पाटा खेती गर्न किसानलाई सहुलियत र प्रोत्साहन दिनुपर्ने, कच्चा पदार्थ आयातमा देखिएका समस्याहरु हल गर्नुपर्ने, स्वदेशी उत्पादन प्रयोगमा जोड दिने कार्यक्रम ल्याउनु पर्ने बताए ।

चौधरीले संसदमा उद्योगी, व्यवसायी र श्रमिकहरुमा आवाजलाई उठाउने बताउँदै मुलुक भित्रै रोजगारी सृजना गर्दै देशको अर्थतन्त्रमा नेपाली उद्योगहरुले ठूलो योगदान दिएकोमा प्रशंसा गरिन् ।

संसद नचलिरहेको अवस्थामा आफ्नो क्षेत्रका जनताका घरदैलोमा रहेकी चौधरीले यो समय स्थानीय क्षेत्रका विकास निर्माण, रणनैतिक योजनाहरुको अनुगमन, नियमन गर्नुका साथै जनताका समस्याहरु बारे जानकारी लिइरहेकी छन् ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**
पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**मटिहानी नगरपालिका**
महोत्तरी, मधेश प्रदेश


# स्व.गजेन्द्र...

startup गजेन्द्र बाबू ले दिएको हो, सिकाएको हो । मधेशमा संस्कृतिक पुनर्जागरण र सुधारको थुप्रै एजेन्डामा हामी मधेश आन्दोलन पछि पनि चुकेका छौं। गजेन्द्र बाबू लाई सम्झिदा, हामीले मधेश आन्दोलन पछिको समिक्षा गर्नु नै आजको प्रमुख आवश्यकता हो जस्तो लाग्छ। युवा पुस्ताको लागि पनि यो प्रश्न टट्कारो रुपले उभिएको छ ।'

गजेन्द्र नारायण सिंह अध्ययन केन्द्रका संयोजक अनिल महासेठको अध्यक्षतामा भएको कार्यक्रममा गजेन्द्रबाबुका विचार र मधेशको वर्तमान राजनीति विषयक अन्तर्क्रिया कार्यक्रमसँगै विभिन्न राजनीतिक तथा सामाजिक विषयमा केन्द्रित कार्यक्रम संघीय राजधानी काठमाडौंसहित देशका विभिन्न ठाउँमा बुधबार भएका छन् ।

मेचीदेखि महाकालीसम्मका जनताले भोग्नुपरेका सबैखालका उत्पीडनविरुद्ध मधेशी अधिकारको लडाइ सुरुवात् गर्ने स्व. सिंहको स्मृतिमा केन्द्रको स्थापना गरिएको हो । मधेशी, जनजाति, मुस्लिम, दलित आदिउपर हुने विभेदविरुद्ध राजनीतिक चेतना जागरण तथा अनवरत आन्दोलन गर्ने दृष्टिले स्व.सिँहको भूमिका अतुल्य रहँदैआएको छ । गजेन्द्रबाबु मधेशी जनताको बराबरीको अधिकार, स्वाभिमान, सम्मान र पहिचानका निम्ति अनवरत् संघर्षरत रहनुभएको र उहाँले देखाएको पथबाट नै मधेसले केही उपलब्धि पाएको केन्द्रका संयोजक महासेठले बताए । उनले गजेन्द्रबाबुले देखाएको समतामूलक समाजक स्थापनाका लागि उत्पीडित र बहिष्करणमा परेकाहरू एक्यबद्ध हुनुपर्ने औंल्याए ।

# जसपा अध्यक्षद्वारा...

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोबिन्द बहादुर न्यौपानेले मधेश प्रदेशको सप्तरी जिल्लामा विश्वविद्यालथ स्थापना हुनु र भवन निर्माणको पनि शिलान्यास हुनु गौरवको कुरा भएको बताए ।

कृषिबाटै प्रदेश र देशको आर्थिक समृद्धि हुने भएकोले यसलाई प्राथमिकतामा राख्नुपर्नेमा उनले जोड दिए । विश्वविद्यालयका उपकुलपति डा.वैद्यनाथ महतोले स्थापनादेखि शिलान्याससम्मको गतिविधिहरुबारे जानकारी गराए ।

मधेश प्रदेश सरकारले मधेश कृषि विश्वविद्यालय भवनका लागि आर्थिक वर्ष ०७८/०७९ मा १ अर्ब ४९ करोड रुपैयाँ बहुवर्षीय योजना शीर्षकमा सुनिश्चित गरेको थियो । सोही अनुरुप भवन निर्माणका लागि गत आर्थिक वर्षमा ३९ करोड पठाइएको छ भने चलु आर्थिक वर्षमा ३० करोड विनियोजन गरिएको छ ।

विश्वविद्यालयको २६ बिघा आठ कट्ठा १८ धुर जग्गामा प्रशासनिक, शैक्षिक र प्रयोगशाला गरी १२ वटा भवन निर्माणका लागि एक अर्ब रुपैयाँमा ठेक्का बन्दोबस्त गरिएको विश्वविद्यालयका रजिष्ट्रार श्रीभगवान ठाकुरले जानकारी दिए ।

यता विश्वविद्यालयको शिलान्यास जसपा नेपालका अध्यक्ष एवम् पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादवबाट हुने निश्चित भएपछि जनमत पार्टीले विरोध जनाउँदै आएको थियो । मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री महेश प्रसाद यादवको नेतृत्वमा शिलान्यास स्थलमा जनमत पार्टीका कार्यकर्ताहरुले विरोध जनाएका थिए ।

कार्यकर्ताहरुका साथ नाराबाजी गर्दै सुरक्षा घेरा तोड्ने क्रममा प्रहरीले सामान्य बल प्रयोग गर्दा मन्त्री यादवको टाउकोमा सामान्य चोट लागेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक ढुण्ढीराज नेउपानेले जानकारी दिए ।

# नगदरहित अर्थतन्त्रको परिकल्पना गरेको इसेवा स्थापनाका १५ वर्ष

काठमाडौं । नेपालको अग्रणी भुक्तानी सेवा प्रदायक इसेवाले आफ्नो १५ औं वार्षिक उत्सवको अवसरमा आम ग्राहक तथा प्रयोगकर्ता, एजेन्ट नेटवर्क, मर्चेन्ट, साझेदार बैंक, नियमक निकाय तथा शुभचिन्तकहरूमा आभार व्यक्त गरेको छ । नगदरहित अर्थतन्त्रको परिकल्पना गर्दै सन् २००९ मा बेटा भर्जन रिलिज गरी २०१० जनवरी २५ बाट सेवा सुरु गरेको इसेवा १५ वर्ष पुरा गरि १६ औं वर्षमा प्रवेश गरेको अवसरमा सबै सरोकारवाला र शुभचिन्तक प्रति आभार व्यक्त गरेको हो । नगदरहित (क्यासलेस) अर्थतन्त्र निर्माणको बाटोमा नेतृत्वदायी भूमिका खेल्दै लाइनबाट अनलाइन भुक्तानी गर्ने प्रणालीको विकास गर्न इसेवाले महत्वपूर्ण योगदान पुर्याउन सफल भएको छ ।




१५ औं वार्षिक उत्सवको अवसरमा इसेवाका प्रमुख कार्यकारी अधिकृत जगदीश खड्काले भन्नुभयो " हामीलाई यो अवस्थामा आउन सहयोग गर्नुहुने आम इसेवा प्रयोगकर्ता, एजेन्ट नेटवर्क, मर्चेन्ट, पाटनर्स बैंक, नियामक निकाय, कर्मचारी साथी,प्रेस र सम्पूर्ण शुभचिन्तकलाई हार्दिक आभार प्रकट गर्न चाहान्छु । हामीले आगामी दिनमा इसेवाको मोबाईल एप्स्लाई आम मानिसको हरेक क्रियाकलापमा साथ दिएर सुपर एप्स्को रूपमा विकास गर्ने लक्ष्य लिएका छौं, मलाई आशा छ' डिजिटल नेपालको यो यात्रामा आम नेपालीले साथ दिनुहुनेछ "।

१५ वर्षको अवधिमा इसेवा प्रयोग गर्ने प्रयोगकर्ताको संख्या ८१ लाख पुगेको छ । यसैगरी परोक्ष रूपमा करिब दुई करोड जनसंख्याले इसेवामार्फत सेवा लिइरहेका छन् । हाल देशभर करिब २ लाख ३० हजारको संख्यामा इसेवा एजेन्टहरू रहेका छन् । इसेवाले केन्द्रिय कार्यालय सहित सातै प्रदेशबाट सेवा दिइरहेको छ । आजको दिनमा इसेवा प्रायकसो प्रत्येक गाउँपालिकाका, हरेक वडामा पुग्न सफल भइसकेको छ । इसेवाले नेपालका सुविधा सम्पन्न क्षेत्रदेखि विकट वस्तीहरुमा हुने आर्थिक कारोबारलाई डिजिटल माध्यम मार्फत धेरै सहजता ल्याएको छ । आम मानिसलाई जुनसुकै सेवाको लागि लाइन बस्नुपरेमा सबैभन्दा पहिले इसेवालाई सम्झने अवस्थामा ल्याउन सफल भएको छ । आगामी दिनमा इसेवाले बैंक तथा वित्तीय संस्थाहरूको सहकार्यमा वित्तीय पहुँच वृद्धि गरि प्रत्येक नेपाली नागरिकलाई नविनतम प्रविधि र सेवाहरू प्रदान गर्ने योजना बनाएको छ ।

यस्ता छन् १५ औं वार्षिक उत्सवका १५ अफर

यसैबीच इसेवाले आफ्नो १५ औं वार्षिक उत्सवको अवसरमा १५ वटा विभिन्न अफर सार्बजनिक गरेको छ । यो अफर माघ ११ (जनवरी २५) देखि माघ २५ ( फेब्रुअरी ८) सञ्चालनमा रहनेछ । अफर अन्तरगत इसेवा मार्फत कुनैपनि कारोबार गर्ने एक जना भाग्यशाली व्यक्तिले आइफोन १५ जित्न सक्नेछन् । यसैगरी एयरलाइन्स् टिकट काट्ने १५ जनाले मात्र रु १५ सय १५ मा आन्तरिक हवाई टिकट पाउन सक्नेछन् । यस्तै इसेवा केयर खरिद गर्ने मध्ये एक जनाले १५ हजार रूपैयाँ क्यासब्याक पाउनेछन् भने होटल बुकिङ गर्नेले १५ सय रूपैयाँ क्यासब्याक पाउन सकिनेछ । यस्तै मोबाईल टपअप गर्दा र बिजुलीको बिल तिर्दा १५ प्रतिशतको दरले रू १५० सम्मको क्यासब्याक पाइने तथा स्कुल वा कलेजको शुल्क भुक्तानी गर्दा तीन जनाले रू ५ हजारसम्मको क्यासब्याक पाउन सक्नेछन् । इसेवाले यी लगायत विभिन्न अफरहरू सार्बजनिक गरेको छ । इसेवाबाट इन्सयोरेन्स्को प्रिमियम भुक्तानी, मोबाईल, टेलिफोन, इन्टरनेट, बिजुली तथा खानेपानीको महशुल भुक्तानी, विभिन्न सरकारी कार्यालयहरूको शुल्क भुक्तानी, हवाइजहाज, बसको टिकट, स्कुल कलेजको शुल्क लगायतका करिब ४ लाख मर्चेन्ट तथा सेवा तथा सुविधाको भुक्तानी गर्न सकिन्छ ।

# नेपाल लाइफ इन्स्योरेन्सद्वारा ट्राफिक प्रहरीलाई चेकिङ्ग बोर्ड प्रदान

नेपालको सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले ट्राफिक प्रहरीलाई चेकिङ्ग बोर्ड प्रदान गरेको छ । मिति २०८० साल माघ १० गते काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, रामशाहपथमा आयोजित एक विशेष समारोह बीच यस कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले उक्त कार्यालयका प्रमुख प्रहरी नायव महानिरिक्षक पोशराज पोखरेललाई करिब रु १८ लाख बराबरको १९० थान चेकिङ्ग बोर्ड हस्तान्तरण गर्नु भएको छ ।





कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले काठमाडौं उपत्यकाको विभिन्न स्थानहरुमा ट्राफिक व्यवस्थापन र दुर्घटना न्यूनिकरणको लागी ट्राफिक प्रहरीले गर्ने चेकिङ्गलाई थप व्यवस्थित र सुरक्षित बनाउन संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत ट्राफिक चेकिङ्ग बोर्ड प्रदान गरिएको कुरा बताउनु भएको छ । साथै उक्त चेकिङ्ग बोर्डहरुको निरन्तर प्रयोग र थप उपयोगी बनाउन आगामी पाँच वर्षसम्म आवश्यक मर्मत संभार समेत यस कम्पनीले गर्ने प्रतिबद्धता जाहेर गर्दै आगामी दिनमा ट्राफिक व्यवस्थापनका क्षेत्रमा आवश्यक सहकार्य र सहयोग गर्न कम्पनी तत्पर रहेको समेत जानकारी गराउनु भयो । अब आउने निकट भविष्यमा कम्पनीले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्ने कुरा प्रमुख कार्यकारी अधिकृत पराजुलीले जानकारी दिनु भएको छ ।

कार्यक्रममा बोल्दै काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरिक्षक पोशराज पोखरेलले कम्पनीले गरेको सहयोगका लागि धन्यवाद ज्ञापन गर्नुभयो । यस सहयोगले ट्राफिक प्रहरीलाई सवारी दुर्घटना न्यूनिकरण गर्नुका साथ साथै ट्राफिक व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन मद्दत पुग्ने कुरा बताउनुभयो । आगामी दिनमा पनि नेपाल लाइफ इन्स्योरेन्स कम्पनीसँग सहकार्य गर्दै ट्राफिक तथा सडक सुरक्षासँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आतुर रहेको कुरा बताउनु भयो ।




## राम मन्दिरको प्राण प्रतिष्ठा सम्पन्न



काठमाडौं । भारतको उत्तर प्रदेशस्थित अयोध्यामा राम मन्दिरको प्राण प्रतिष्ठा सम्पन्न भएको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले प्राण प्रतिष्ठा कार्यक्रममा मुख्य भूमिका निर्वाह गरेका थिए ।

मन्दिरको गर्भ गृहमा मुख्य पूजासहित प्राण प्रतिष्ठा गरिएको हो । प्राण प्रतिष्ठा लगत्तै भारतीय वायुसेनाको हेलिकोप्टरले पुष्पवृष्टि गरेको थियो । कार्यक्रमको सुरुवातमा सोनु निगम, अनुराधा पौडवाल, शंकर महादेवन लगायतका गायक-गायिकाले राम भजन गाएका थिए ।

## जिल्ला समाचार

### मटिहानीमा भगवान श्री राम र सीताको विधिवत पूजा गरियो

महोत्तरी । अयोध्यामा भइरहेको भगवान रामको प्राण प्रतिष्ठाको अवसरमा महोत्तरी जिल्लाको मटिहानीस्थित प्रसिद्ध धार्मिक लक्ष्मीनारायण मठ मन्दिरमा भगवान राम र सीताको २५ फिटको कलात्मक मूर्ति बनाई धार्मिक विधिपूर्वक पूजा गरिएको छ । सो भगवान श्री राम र सीताजीको २५ फिटको कलात्मक मूर्तिको अनावरण लोसपा नेपालका केन्द्रीय अध्यक्ष एवं प्रतिनिधि सभा सदस्य महन्थ ठाकुर, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री सरत्सिंह भण्डारी र मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले संयुक्त रुपमा गरेका छन् । त्यस अवसरमा बाजागाजा, कीर्तन सहित स्वस्तिक वाचन र आरती गरिएको थियो । अहिले लक्ष्मीनारायण मठलाई दुल्हीझैं बिजुली लाइट र मालाले सिँगारिएको छ । करिब २० वटा पलाए काठले कलात्मक राम र सीताको मूर्ति तयार गर्न १५ दिन लागेको थियो । मूर्ति हेर्न र दर्शन गर्न श्रद्धालुहरूको भिड लागेको छ । यसैबीच लक्ष्मीसागर पोखरीमा बिहान भगवान लक्ष्मी नारायणको विशेष आरती समेत गरिएको थियो भन्ने साँझ लक्ष्मीनारायण मठ (मन्दिर) मा महाआरती गरिने कुरा मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले बताए ।

### गौरमा भव्य शोभा यात्रा

राकेश यादव, रौतहट । विश्व हिन्दू परिषद् नेपालको आयोजनामा रौतहटको सदरमुकाम गौरमा भव्य शोभा यात्रा निकालिएको छ । भारतको आयोध्यामा नवनिर्मित राम मन्दिरको गर्भ गृहमा सोमबार रामललाको प्राण प्रतिष्ठा तथा गौर नगरपालिका वडा नम्बर ६ मा निर्माण भएको राम मन्दिरमा भगवान रामको प्राण प्रतिष्ठाको अवसर पारेर हिन्दू परिषद्ले शोभा यात्राको आयोजना गरेको हो । राम मन्दिरबाट घोडा, उट, मोटरसाइकल, बाजागाजासहित निस्केको शोभा यात्रा गौर नगर परिक्रमा गरेको छ । शोभा यात्रामा सहभागी सनातनी धर्मावलम्बीहरू नाच्दै गाउँदै गरेको देखिएका थिए । भगवान रामको प्राण प्रतिष्ठाको अवसरमा ठाउँ-ठाउँमा भजन, किर्तन, २४ घन्टे आष्ठ्याम सिताराम धुन भैरहेकोले निकै नै मनोरम वातावरण बनेको परिषदका रामशंकर यादवले बताएका छन् । विश्व हिन्दू परिषद्ले बेलुकी घर-घरमा तथा मठ मन्दिरमा दीप जलाएर भगवान रामको स्वागत गर्न आग्रह समेत गरेका थिए । भारत तथा नेपालका विभिन्न गाउँ, शहर, बजार, सार्वजनिक ठाउँ, मठ मन्दिरदेखि सामाजिक संजालसम्म राम आएङ्गे तो अंगना सजाउङ्गा भने गीत गुञ्जिरहेका थियो । नवनिर्मित मन्दिरमा स्थापना गरिएको भगवान राम, माता सीता, लक्ष्मण, भगवान शंकर र हनुमानको प्राण प्रतिष्ठा गरिएको पुजा समितिका अध्यक्ष उद्धव भट्टराईले जानकारी दिएका छन् ।

### चिनियाँ बीआरआई ऋणजाल भएको भन्दै वीरगन्जमा प्रदर्शन

वीरगन्ज । चीनको विरोधमा वीरगन्जमा प्रदर्शन गरिएको छ । चिनियाँ महत्वकांक्षी रुपमा रहेको आर्थिक सहयोग बीआरआई परियोजना मुलुकको लागि ऋणजाल भएको भन्दै वीरगन्जमा प्रदर्शन गरिएको हो । राष्ट्रीय एकता अभियान, बिरगंजले चिनियाँ ऋणजाल बिरुद्ध सचेतना रैली निकाल्दै प्रदर्शन गरेको छ । अभियानका राष्ट्रिय विद्यार्थी परिषदका संयोजक विवेक कुशवाहाको नेतृत्वमा गरिएको बिरोध प्रदर्शनमा पोखरा बिमानस्थललाई ऋणजालबाट मुक्त गर, राष्ट्रिय स्वाधीनताको रक्षा गर, नेपाल-चिन बिच भएको बिआरआई सम्झौता खारेज गर,चिनियाँ हस्तक्षेप बन्द गर लगाएका चिन बिरोधी नारा लगाइएको थियो । पोखरा अन्तराष्ट्रीय विमानस्थलको चिनियाऋण अनुदानमा परिणत गरियोस भन्दै मुख्यमांग सहित निकालिएको रैली बिरगंजको माइस्थान मन्दिर अगाडिबाट सुरु भइ नगरपरिक्रमा गरी घंटाघरमा पुगेपछि कोण सभामा परिणत भएको थियो । कोणसभामा बोल्दै प्रमुख अतिथि अभियानका केन्द्रीय संयोजक विनय यादवले अप्रत्यासित रुपमा बढेको चिनिया सक्रियताले मुलुकको राष्ट्रिय स्वाधिन्ता खतरामा परेको आरोप लगाएका थिए । संयोजक यादवले आर्थिक सहयोगको बहानामा देखिएको चीनको सक्रियता र सहयोग दुबै नेपाल र नेपाली जनताको भविष्य खतरामा डुब्दै गएको बताउदै राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्न ठुलो आवश्यकता रहेको बताए । उनले आउने समयमा पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलको लागि चिनले दिएको सहयोग नेपालको लागी ठुलो ऋणजाल सबित हुने ठोकुवा गर्नुभयो ।संयोजक यादवले पोखरा बिमानस्थलमा देखिएको आर्थिक खाटापुर्तिको बहानामा चिनियाँ सेना पोखरामा ल्याउने ठुलो खेलभइरहेको आरोप समेत लगाएका थिए । नेपालको सार्वभौमसता माथि बढदै गएको खतराबाट समयमै सचेत हुन सबै नेतालाई आफुहरुले पटक पटक अनुरोध र आहवान गर्दै आएपछि घैटोमा घाम नलाग्नु दुखको कुराभएको सहयोजक यादवको भनाइ थियो । यादवको भनाईमा समर्थन गर्दै अन्य बक्ताहरूले राष्ट्रिय एकता, विकास र समृद्धिका लागि नेपालले चीनसंग गरेको बिआरआई सम्झौता अबिलम्ब खारेजीको मांग गरेका थिए । कार्यक्रमका अरु बक्ताहरुले राष्ट्रिय स्वाधीनताको महत्व,मुलुकमा देखिएको आर्थिक तरलता र बीआरआई आर्थिक सहयोग भन्दा पनि मुलुकको लागी ठुलो ऋणजाल भएको कुरामा जोड दिएका थिए । वक्ताहरुले पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलको व्ययभारबाट भबिष्यमा हुने ठुलो आर्थिक नोक्सानीबाट जोगीन अहिलेको मुख्य आवश्यकता रहेको बताएका थिए । कार्यक्रमका अध्यक्ष बिद्यार्थी नेता कुशवाहाले सहभागी सबैलाई धन्यवाद व्यक्तगर्दै तराईमा बढदै गएको चिनीया सक्रियताबाट सचेत हुन मधेस प्रदेश सरकारका मन्त्रि लगायत सबै नेताहरुलाई आहवान गरेका थिए ।

### गौरमा मेयर कप २०८० हुने

रौतहट । जिल्लाको सदरमुकाम गौरमा मेयर कप २०८० को आयोजना हुने भएको छ । रौतहट जिल्ला क्रिकेट संघको आयोजना तथा गौर नगरपालिकाको सहयोगमा माघ १३ गतेदेखि मेयर कपको आयोजना हुने भएको हो । शनिबार गौर नगरपालिकाको सभाहलमा संघले आयोजना गरेको पत्रकार सम्मेलनमा मेयर कपको टीम तथा पुरस्कारको सार्वजनिक गरिएको हो । नगर प्रमुख शम्भु साह कानुले क्रिकेट खिलाडीको खेलकुदको विकासका लागि नगरपालिका तयार रहेको बताएका छन् । नेपालमा लोकप्रिय बन्दै गएको क्रिकेट खेलको विकास तथा उत्कृस्ट खेल प्रदर्शन गर्ने खिलाडीको प्रादेश र राष्ट्र स्तरमा पुर्याउने उदेश्यले मेयर कपको आयोजना गरिएको उनले बताए । आगामी फाल्गुन महिनामा आयोजना हुने पालिका कपको तयारीको लागि खिलाडी चयन गर्नमा सहज हुने लक्ष्य मेयर कपको रहेको छ । ९ वटा वडाका टीमलाई तीन समूहमा विभाजन गरि लिग खेल खेलाइने क्रिकेट संघका कोषाध्यक्ष बिक्रान्त बिक्रम नेपालले जानकारी दिएका छन् । लिगपछि सुपर आठ तथा सेमी फाइनल र फाइनल खेल हुने टाई सिट सार्बजनिक गरिएको छ । माघ २२ गते फाइनल हुने प्रतियोगिताको बिजेता हुने टीमलाइ २५ हजार र उपबिजेता हुने टीमलाई १५ हजार नगद पुरस्कार दिइने छ । प्रत्येक खेलको मैन आफ दिई मैच हुनेलाइ १५ सय, मैन अफ दि सिरिज हुनेलाई ५ हजार, बेस्ट बौलरलाइ २१ सय, बेस्ट बैट्स मैन लाइ २१ सय र बेस्ट किपरलाई २१ सय नगद पुरस्कार दिइने संघले जनाएको छ । पत्रकार सम्मेलनमा निमित्त प्रमुख प्रशासकीय अधिकृत शुभाष ठाकुर, क्रिकेट संघका अध्यक्ष पवन साह, उपाध्यक्ष मनोज शर्मा, निर्वाचित वडा अध्यक्ष तथा क्रिकेट टीमका कप्तानहरूको सहभागिता रहेको थियो ।

### ५३ तोला चाँदीसहित २ जना पक्राउ

बारा । जितपुर सिमरा उपमहानगरपालिका-१ पथलैया चोकबाट करिब १ लाख १३ हजार १ सय ७० रूपैयाँ मूल्य बराबरको ५३ तोला चाँदीका विभिन्न गरगहनासहित २ जनालाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सुनसरी धरान उपमहानरपालिका-५ बस्ने ३५ वर्षीय गुजराज बिक र ईटहरी नगरपालिका-३ बस्ने २४ वर्षीय बद्री बिक रहेका छन् । प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरीले वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको बा.प्र.०२-०२७ प १८५१ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा फर्जी विल भएको उक्त गरगहनासहित फेला पारी स्कुटरमा सवार उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूको साथबाट चाँदीको लकेट २२ थान, औंठी ३३ थान, मंगलशुत्र १८ थान, कानको टप २६ थान र गणेश लकेट ७० थान बरामद भएको छ ।

## नश्लीय व्यवहारप्रति प्रहरीलाई संवेदनशील गराउन निर्देशन



काठमाडौं । मधेशी आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले मधेशी समुदायलाई लक्षित गरी गालिगलौज, अपमानजनक शब्द प्रयोग गर्ने, नश्लीय व्यवहार गर्ने व्यक्ति वा संस्थालाई कारवाही गर्न प्रहरीलाई संवेदनशील र सचेत बनाउन नेपाल प्रहरीका महानिरीक्षक वसन्त बहादुर कुँवरलाई निर्देशन दिएका छन् ।

आयोगको कार्यलयमा अध्यक्ष डा.दत्त र महानिरीक्षक कुँवरबीच भएको भेटमा अध्यक्ष डा.दत्तले आयोगमा दर्ता भएका नश्लीय व्यवहारसँग सम्बन्धित उजुरी माथि कडा कारवाही गर्न आयोगले समय समयमा प्रहरीलाई पत्राचार गरेपनि न्यून उजुरी माथि मात्र कारवाही हुनु दुखद रहेको बताएका छन् ।

अध्यक्ष डा.दत्तले तराई-मधेशमा दिन प्रतिदिन बढ्दै गएको घरेलु हिँसालाई रोकथाम गर्न आयोग र प्रहरीको समन्वयकारी भूमिका आवश्यक रहेको समेत बताएका छन् ।

अध्यक्ष डा.दत्तले नेपाल-भारत सीमामा देखा परेका विभिन्न समस्याहरुलाई समाधान गर्न आयोग र नेपाल प्रहरीको उच्चस्तरीय टोली अनुगमनको लागि समेत पठाउन आवश्यक रहेको बताउँदै सोको लागि आवश्यक सहजीकरण गरिदिन समेत अनुरोध गरेका छन् ।

सो बैठकमा बोल्दै महानिरीक्षक कुँवरले प्रहरी नश्लीय व्यवहारको घटना प्रति सचेत रहेको र आयोगसँग समन्वय तथा सहकार्य गरी आगामी दिनमा यस्ता घटनाहरुलाई न्यूनिकरण गर्न आवश्यक रणनीति बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## पोखरा विमानस्थलको ऋणलाई अनुदानमा परिणत गर्नुपर्ने माग



बारा। बारामा राष्ट्रिय स्वाधीनता, बिआईआर ऋणजाल र पोखरा अर्न्तराष्ट्रीय विमानस्थल विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

राष्ट्रीय एकता अभियान बाराको आयोजनामा अन्तरक्रिया सम्पन्न भएको हो । कार्यक्रम संयोजक तथा समाजसेवी हरि प्रसाद थपलियाको अध्यक्षतामा सम्पन्न कार्यक्रमलाई सम्बोधन गर्दै अभियानका केन्द्रीय संयोजक विनय यादवले राष्ट्रिय स्वाधीनताको संरक्षणका लागि सबै एकबद्ध हुनुपर्नेमा जोड दिएका छन् ।

साथै उनले पोखरा अर्न्तराष्ट्रिय विमानस्थलले विकास र समृद्धिमा पार्ने प्रभावसँगै त्यसको सञ्चालनका विविध आयामका बारेमा चर्चा गरे ।

पोखरा अंतराष्ट्रीय विमानस्थलको ऋणलाई नेपाल सरकारले चीन सङ्ग बार्ता गरी अनुदानमा परिणत गर्न आवश्यक रहेको जिकीर गर्नु भएको थियो। बिआरआई ऋणजाल फसाई चीनले तिब्बत जस्तै नेपाललाई आफ्नो अधीनमा पार्न खोजेको आरोप समेत लगाउनु भएको थियो।

कार्यक्रममा अभियानका संरक्षक सेवक सौरभनाथ, उद्योग बाबाणिज्य संघका पूर्व अध्यक्ष ओमप्रकाश सिकरिया, सिमरा कलेजका व्यवस्थापक गीता शर्मा, सिमरा महिला सहकारी अध्यक्ष मुना खरेल, मानवाधिकार कर्मी लक्ष्मण साह, नगर उद्योग वाणिज्य संघका रामबाबू साह, प्राध्यापक अनिल चौधरीलगायत ले आपनो धारणा राखेका थिए ।

### आयुर्वेदिक उपचार

## पौरूष ग्रन्थी बढ्नुको कारण, लक्षण र आयुर्वेदीय उपचार



**डा. सबरी साह**
**एम.डी.(आयुर्वेद)**
**वरिष्ठ कन्सलटेंट आयुर्वेद विज्ञ**
**सिंहदरबार वैद्यखाना विकास समिति**

पौरुष ग्रन्थी पुरुष प्रजनन प्रणालीको महत्वपूर्ण अंग हो । यो पिसाब थैली (Urinary Bladder) को तल मूत्रमार्गको दुबैतिर हुन्छ । यसको आकार ओखरको जस्तो हुन्छ । स्वस्थ पुरुषमा यसको वजन २०-२५ ग्राम हुन्छ । तर ४० वर्षपछि यसको आकार र वजन दुबै प्राकृतिक रूपमा बढ्दै जान्छ । ६० वर्षपछि पौरुष ग्रन्थीको समस्या लगभग एक-तिहाई पुरुषमा देखिन्छ । पौरुष ग्रन्थीले एक किसिमको तरल पदार्थ उत्पादन गर्छ, जुन यौन सम्पर्कको समयमा शुक्रसँग मिसिएर यौन सम्पर्कलाई सहज एवं लिङ्गलाई आद्र बनाउँछ । साथै, यसले शुक्रकिटलाई पोषण पनि प्रदान गर्छ । शिशु अवस्थामा प्रोस्टेट ग्रन्थी ज्यादै सानो हुन्छ र बाल्य अवस्थामा प्रत्येक ३ वर्षमा २ गुणाले वृद्धि हुन्छ । २० वर्षमा यो ग्रन्थी १५-२० ग्रामसम्मको हुन्छ । ४०-६० वर्षको बीचमा यसको बढ्ने रफ्तार बढी हुन्छ । प्रोस्टेट ग्रन्थीमा मुख्यतया तीनवटा समस्या हुन्छन्:-

क) संक्रमण र सुजन
ख) असामान्य वृद्धि (BPH)
ग) प्रोस्टेट क्यान्सर

कारण :-

१. पौरुष ग्रन्थी बढ्नुको कारण अज्ञात भएपनि बढ्दो उमेरसँग यसको घनिष्ठ सम्बन्ध छ ।
२. जुन पुरुष प्राय: एकलै बस्छ वा महिला साथीसँग एकदम कम यौन सम्बन्ध राख्छ ।
३. हार्मोनको कमी ।

लक्षण :-

१. रातीमा धेरैपटक पिसाब लाग्नु ।
२. आकस्मिक रूपमा पिसाब लाग्नु/केही क्षण पनि रोक्न नसक्नु ।
३. पिसाब फेरीसकेपछि पनि पिसाब थैलीमा मूत्र रहेको आभास हुनु ।
४. पिसाब फेर्दा पिसाबको बहाव/धार कमजोर हुनु तथा पिसाब फेर्ने बेलामा अत्यधिक बल लगाउनुपर्ने ।
५. पिसाब फेर्दा ढिलो पिसाब आउनु र पिसाब गर्न गाह्रो हुनु ।
६. पिसाब चुहिनु वा थोपाथोपा झर्नु ।
७. पिसाब खुल्ने र रोकिने क्रम पटक-पटक हुनु ।
८. पिसाब पोल्नु/दुख्नु ।
९. लिंगोतेजना तथा स्खलनमा समस्या देखिनु ।

उपचार :-

१. पिसाब फेर्दा बसेर पिसाब फेर्ने ।
२. चिकित्सकको सल्लाहअनुसार व्यायाम गर्ने ।
३. बेला-बेलामा जीवन साथीसँग यौन सम्पर्क गरिराख्ने ।
४. चिया कफीको प्रयोग नगर्ने ।
५. ग्रीन टीको प्रयोग गर्ने ।
६. लसुनको सेवन विहान खाली पेटमा लाभकारी हुन्छ ।
७. पिसाब लागेमा तुरुन्त पिसाब फेर्ने ।
८. पिसाबको संक्रमणलाई समयमै उपचार गर्ने ।
९. लक्षण देखिएमा तुरुन्त चिकित्सकसँग परामर्श गरी आयुर्वेद औषधिको प्रयोग गर्ने ।


# भावपूर्ण श्रद्धाञ्जली



जन्म: वि.सं. २००१

स्वर्गारोहण वि.सं. २०८० माघ ८

**स्व. गौरीशंकर प्रसाद सिंह (गुलाब बाबु)**

लोकतान्त्रिक समाजवादी पार्टी नेपालको नेता सप्तरी जिल्ला, तिलाठी कोइलाडी गाउूपालिका-५ को बर्साइन निवासी (तत्कालीन नेपाल सद्भावना पार्टीका केन्द्रीय सदस्य) सरल, सहज, मृदुभाषी, अति मिलनसार, लब्धप्रतिष्ठित व्यक्तित्व श्रद्धेय **श्री गौरीशंकर प्रसाद सिंह (गुलाब बाबु)** को मिति २०८० माघ ८ गते सोमबारका दिन ७९ वर्षको उमेरमा असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्न ईश्वरसूग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**विनोद कुमार सिंह**
**महासचिव**
**लोकतान्त्रिक समाजवादी पार्टी नेपाल तथा परिवार**



# मोबाइलको लतबाट बालबालिकालाई बचाऔं

- मोबाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझने समस्या देखिन सक्छ,
- मोबाइलको लतले बालबालिकाको मष्तिष्क विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

**अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोबाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोबाइलको कम प्रयोग गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

**तौल पूर्ण, सुरक्षा सम्पूर्ण**

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट मै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं
फोन: ४२८६८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू



पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं